# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१४ | काठमाडौं | शनिबार, ३० फागुन २०८२ | Prabhab National Daily | Saturday, 14 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# वायु प्रदूषणले लिन्छ बर्सेनि ४२ हजारको ज्यान



- वायु प्रदूषणले नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको ज्यान लिने गरेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीको भनाइ
- यसरी मृत्यु हुनेमध्ये २१ प्रतिशत पाँच वर्षमुनिका बालबालिका
- वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या

■ प्रभाव संवाददाता

**काठमाडौं–** वायु प्रदूषणले नेपालमा बर्सेनि करिब ४२ हजार मानिसको ज्यान लिने गरेको पाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले उक्त जानकारी दिएका हुन् । यसरी मृत्यु हुनेमध्ये २१ प्रतिशत पाँच वर्षमुनिका बालबालिका रहने गरेका उनले बताए । वायु प्रदूषणका कारण श्वासप्रश्वाससम्बन्धी दम, मुटुरोग तथा हृदयघात, मस्तिष्कघात, उच्च रक्तचाप, मधुमेह, क्यान्सर र स्मरणशक्ति कमजोर हुने समस्या देखिने गरेको उनले बताए ।

प्रदूषणका कारण बालबालिकालाई श्वासप्रश्वाससम्बन्धी समस्या देखिनु, मुटुसम्बन्धी रोग हुने सम्भावना बढ्नु, शिशु बिरामीदर बढ्नु, बाल्यकालमा क्यान्सरको जोखिम हुनु, मस्तिष्क विकासमा ढिलाइ र असामान्य व्यवहार देखिनु, कुपोषणको देखिनुजस्ता समस्या पनि देखिने गरेका विज्ञहरूले बताउने गरेका छन् । यस्तै, कम तौलको बच्चा जन्मिनु, रक्तअल्पता हुनु, बाँझोपन हुनु, गर्भकालीन मधुमेह हुनु, मानसिक स्वास्थ्य समस्या देखिनुजस्ता समस्या आउने गरेका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)को मापदण्डभन्दा नेपालमा वायु प्रदूषण आठ गुणा बढी देखिएको मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीले जानकारी दिए । नेपालमा बिहीबार वायु गुणस्तर सूचक १८५ सम्म देखिएको उनले बताए ।

क्रमशः पृष्ठ २ मा

## वर्षाले घटायो प्रदूषण, तर अस्वस्थ तहमै

**काठमाडौं (प्रस)–** केही दिनयता काठमाडौं उपत्यकालगायत मुख्य सहरमा वायु प्रदूषण घट्न थालेको छ । बिहीबार मध्याह्नसम्म प्रदूषण वायु गुणस्तर सूचकांक १७८ हाराहारीमा रहेकामा शुक्रबार मध्याह्नसम्म वायु गुणस्तर सूचकांक १४९ कायम भएको एयर क्वालिटी इन्डेक्स (एक्युआई) को तथ्यांकले देखाएको थियो ।

तर, शुक्रबार साँझ भने फेरि सूचकांक १५८ मा पुगेको थियो । पर्याप्त वर्षा नहुँदा काठमाडौं उपत्यकाको वायु प्रदूषण हट्न नसकेको हो । बिहीबार मध्याह्नसम्म काठमाडौं विश्वकै दोस्रो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा शुक्रबार सोही समयमा १२औं स्थानमा झरेको थियो । केही दिनयता मौसम धुम्मिँदै जाँदा वायु प्रदूषण बढेको थियो । वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले बिहीबार भएको वर्षाका कारण आज वायु प्रदूषण पनि कम भएको जानकारी दिए ।

क्रमशः पृष्ठ २ मा

# बालेनलाई प्रधानमन्त्री बनाउने तयारीमा रास्वपा

## बालेनलाई संसदीय दलको नेता बनाउन पार्टीको विधान संशोधन गरिँदै

- समानुपातिक सांसदको टुंगो लाग्नासाथ संसदीय दलको बैठक बोलाउने तयारीमा रास्वपा
- बालेनलाई प्रधानमन्त्री बनाउन विधान संशोधन गर्नुपर्ने भएकोले केही दिन समय लाग्ने
- समानुपातिकतर्फ निर्वाचित गराउनेको नाम टुंगो लगाउन रास्वपाको सचिवालय बैठक आज बस्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाको मेयरबाट राजीनामा दिएर प्रतिनिधिसभा सदस्य निर्वाचनमा होमिएका बालेन्द्र (बालेन) शाह आउने हप्ताभित्रै प्रधानमन्त्री बन्ने भएका छन् । बालेनलाई प्रधानमन्त्री बनाउन राष्ट्रिय प्रजातन्त्र पार्टी (रास्वपा)ले तयारी थालेको छ ।

फागुन २१ गते भएको निर्वाचनमा रास्वपाले बालेनलाई प्रधानमन्त्रीको उम्मेदवारको रूपमा प्रस्तुत गरेको थियो । उनै बालेन झापा-५ बाट नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई फराकिलो मतान्तरले हराउँदै निर्वाचित भए । यतिमात्र हैन रास्वपाले सरकार बनाउनका लागि झण्डै दुईतिहाइ सिटसमेत जितेको छ । यो निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ १२५ सिट र समानुपातिकतर्फ ५७ सिट जितेको हो । बिहीबार निर्वाचन आयोगले समानुपातिकतर्फको सिट बाँडेसँगै रास्वपा सरकार गठनको तयारीमा लागेको हो ।

यसका लागि सबैभन्दा पहिले समानुपातिक उम्मेदवार टुंगो लगाएर निर्वाचित गराउनुपर्छ । प्रत्यक्षतर्फबाट



१३ जनामात्र महिला उम्मेदवार निर्वाचित भएकाले रास्वपाले समानुपातिकबाट कम्तीमा ४७ जना महिला सदस्य निर्वाचित गराउनैपर्छ । यसमा पनि महिला र पुरुष मिलाएर खस आर्यमा ३१.२ प्रतिशत, आदिवासी जनजातिबाट २८.७ प्रतिशत, मधेसीबाट १५.३ प्रतिशत, दलितबाट १३.८ प्रतिशत, थारुबाट ६.६ प्रतिशत, मुस्लिमबाट ४.४ प्रतिशत र पिछडिएको क्षेत्रबाट ४.३ प्रतिशतको सन्तुलन मिलाउनुपर्छ ।

रास्वपाबाट बासुमाया तामाङ, गंगा छन्त्याल, सुम्निमा उदास, अनुष्का श्रेष्ठ, ओजश्वी शेरचन, सिर्जना श्रेष्ठ, रजनी श्रेष्ठ, कुसुम महर्जन, भूमिका श्रेष्ठ, प्रमिला कुलुजा, सुजाता तामाङ, कृपा महर्जन, राम लामा, खुस्बु सरकार श्रेष्ठ, मिङमा शेर्पा, मनोहर प्रधान आदिवासी जनजाति समूहबाट पर्ने देखिन्छ । यसैगरी प्रतिभा रावल, रचना खतिवडा खत्री, लिमा अधिकारी, विधुषी राणा, समीक्षा बास्कोटा, श्रद्धा कुँवर क्षेत्री, टीका संग्रौला, क्रान्तिशिखा धिताल, आकृति अवस्थी, सृष्टि भट्टराई, मञ्जु भुसाल, प्रभा कार्की, शोभा खनाल, रत्नकुमारी थापा, ज्ञानु पौडेल, रमेश प्रसाईं, सुदिन ढकाल खस आर्य समूहबाट पर्ने देखिन्छ ।

क्रमशः पृष्ठ २ मा

### गृह डिपी, अर्थ स्वर्णिमलाई दिने तयारी

सरकार गठनका लागि सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहबीच छलफल सुरु भएको छ । शुक्रबार सभापति लामिछानेनिवास बूढानीलकण्ठमा मन्त्रिपरिषद् गठनबारे छलफल भएको थियो ।

संवेदनशील मन्त्रालयको नेतृत्वमा परिपक्व र योग्य व्यक्तिलाई पठाउने रास्वपाको तयारी छ । सभापति लामिछानेले यसअघि नै अर्थमन्त्रीको रूपमा उपसभापति डा. स्वर्णिम वाग्लेलाई अघि सारिसकेका छन् । शुक्रबारको छलफलमा पनि स्वर्णिमलाई अर्थमन्त्री बनाउने मोटामोटी सहमति भएको बताइएको छ ।

यसैगरी अर्को महत्त्वपूर्ण मन्त्रालय गृहमा डिपी अर्याललाई पठाउने गरी छलफल अघि बढाएको रास्वपा स्रोतले जनायो । यद्यपि मन्त्रिपरिषद्मा कसलाई लैजाने भन्ने विषयमा विस्तृतरूपमा छलफल भने सचिवालयमा हुने बताइएको छ ।

सन्दर्भः वैदेशिक रोजगार

# विदेशी कामदारका लागि बचत योजना लागू गर्दै ओमान



■ प्रभाव संवाददाता

**काठमाडौं–** ओमानले सन् २०२७ देखि विदेशी कामदारका लागि अनिवार्य बचत योजना लागू गर्ने भएको छ । मुलुकमा रहेको ठूलो श्रमशक्तिको वित्तीय सुरक्षा सुदृढ गर्ने उद्देश्यले उक्त योजना कार्यान्वयन गर्न लागिएको जनाइएको छ ।

ओमानको सामाजिक सुरक्षा कोषले घोषणा गरेको यो कार्यक्रमअन्तर्गत रोजगारदाताले कामदारको आधारभूत तलबको नौ प्रतिशत रकम कार्यक्रममा छुट्याउनुपर्ने गल्फ न्युजले उल्लेख गरेको छ । जम्मा गरिएको रकम कामदारहरूले आफ्नो रोजगारीको अन्त्यमा पाउने छन् ।

विदेशी कामदारलाई दीर्घकालीन वित्तीय सुरक्षा प्रदान यो नियम बनाइएको समाचारमा उल्लेख गरिएको छ । यसले श्रमिकहरूलाई आफ्नो रोजगार अवधिभर बचत गर्न सघाउने जनाइएको छ । अधिकारीहरूका अनुसार यो प्रणालीले विगतमा रोजगार अवधिको अन्त्यमा दिइँदै आएको भत्तालाई प्रतिस्थापन गर्ने वा सघाउने अपेक्षा गरिएको छ । यो प्रणालीले कामदारको वित्तीय अधिकारको पारदर्शी ढाँचा सिर्जना गर्ने भनिएको छ ।

सामाजिक सुरक्षा कोषका अधिकारीहरूले यो योजना सन् २०२६ र २०२८ बीचको समयमा चरणबद्धरूपमा कार्यान्वयन गराउँदै लगिने जनाएका छन् । योजनाअनुसार २०२६ मा बिरामी बिमाको योजना समावेश गरिएको छ । यसका लागि कर्मचारीको तलबको एक प्रतिशतबराबरको योगदान आवश्यक पर्छ जसले बिरामी परेका समयमा श्रमिकको आयको सुरक्षा दिने छ ।

क्रमशः पृष्ठ २ मा

# अनलाइन ठगीमा परेका २१ नेपालीको कम्बोडियाबाट उद्धार

**काठमाडौं (प्रस)–** विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्र तथा क्यासिनोमा अनलाइन ठगीमा परेका २१ नेपाली नागरिकको उद्धार गरी स्वदेश फर्काइएको छ ।

विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा विनाभिसा बसिरहेका २१ नेपालीलाई थाइल्याण्डको बैंककस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ कम्बोडियाको सहजीकरणमा शुक्रबार नेपाल फर्काइएको छ । यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ ।

कम्बोडियामा नेपाली नागरिकलाई अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र विनाभिसा वा भिसा अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ । साथै दूतावासले अवैधरूपमा र अप्ठ्यारो अवस्थामा बसिरहेका नेपालीलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरेको छ ।

स्क्यामिङ केन्द्रमा काम लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भनी धेरै जनाको गुनासो आएको देखिन्छ । त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली दूतावास बैंकले उद्धार गर्न विनाशुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको छ ।

क्रमशः पृष्ठ २ मा

# जहाँबाट 'कोसेली' नबोकी फर्किन्नन् पर्यटक

■ मनोज अधिकारी



**इलाम–** गर्मीयाम सुरु भएसँगै सूर्योदय नगरपालिकाको कन्याम र श्रीअन्तुमा पर्यटकको चहलपहल बढ्न थालेको छ । हरियो चियाबारी, चिसो मौसम र अन्तुबाट देखिने झुल्के घाम हेरेर पर्यटक रमाउँछन् । यहाँका मनोरम दृश्यसँग मोहित हुन्छन् र फर्किन्छन् । यसरी फर्किनेहरू सम्झनामात्र बोकेर फर्किंदैनन्, साथमा केही न केही कोसेली बोक्छन् । कोसेलीका रूपमा ललिपप, छुर्पी, बम्बइसन, चिया, अकबरेलगायत स्थानीय उत्पादन लिएरमात्र पर्यटनकहरू फर्किने गरेका छन् ।

अन्तु घुमेर फर्कंदै गरेका पर्यटक समूह सूर्योदय-१० स्थित फिक्कल बजारको पसलअगाडि उभिन्छन्, आफूलाई मन पर्ने मिठाईलगायत कोसेली छान्छन् र लिएर जान्छन् । यस्तै अवस्थामा भेटिएका चितवनका रोशन सापकोटाले भने, 'साथीहरूले इलामबाट रित्तो नफर्किनु है भनेका छन् । धेरैलाई यहाँको ललिपप मनपर्दो रहेछ । साथीहरूको मागअनुसार सामान किनिरहेको छु । जति हेर्‍यो, त्यत्ति किनौं किनौं जस्तो लागिरहेको छ ।'

> पयर्टकीय गतिविधिले यहाँका चियाबारी, पर्यटकीय क्षेत्र प्रचारमात्रै भइरहेको छैन, स्थानीय उत्पादनको बजारीकरण पनि भइरहेको छ । यसले स्थानीय साना उद्यमीको जीविकोपार्जन र व्यवसाय विकासमा पनि टेवा पुगेको छ ।

फिक्कल बजारमा लहरै सजिएका पसलहरूमा छुर्पी, घिउ, चिया, अकबरे खुर्सानीसँगै ललिपप र बम्बइसनजस्ता उत्पादन बिक्रीका लागि राखिएका छन् । कतिपय पसलमा त पर्यटकहरूले कोसेली किन्न पालो नै पर्खिनुपर्छ । स्थानीय व्यापारी सुजन सापकोटा भन्छन्, 'सामान्य दिनमा पाँच-दस हजारको बिक्री हुन्छ । 'सिजन' सुरु भएपछि भने व्यापार निकै बढ्छ । पोहोर त दिनकै ३० हजारसम्मको कोसेली बिक्री भएको थियो ।' स्थानीय व्यापारीका अनुसार इलाम आउने अधिकांश पर्यटकले कुनै न कुनै कोसेली किनेर लैजाने चलन नै बसिसकेको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### बालेनलाई...

यसैगरी रिमा विश्वकर्मा, अमृता विक, सीता वादी, स्मृति सेञ्चुरी, सुस्मा स्वर्णकार, तारा विश्वकर्मा, प्रकाशचन्द्र परियार, प्रकाश विक दलित समूहबाट पर्ने देखिन्छ । यसैगरी थारुबाट गीता थारु, करिष्मा कठरिया, सुरेन्द्र चौधरी, प्रेमलाल चौधरी पर्ने सम्भावना छ । पुनमकमा अग्रवाल, निशा मेहता, ललिता कुमारी, अंकिता ठाकुर, सरिता महतो, कामिनी कुमारी र पुनम साह मधेसी समूहबाट पर्ने देखिन्छ । यसैगरी सुनिता कुमारी चौधरी, पुरुषोत्तम शुप्रभात यादव, समिना मिया र अफसाना बानु पनि समानुपातिकबाट सांसद बन्ने सूचीमा राखिएको छ ।

समानुपातिकतर्फ निर्वाचित गराउनेको नाम टुंगो लगाउन रास्वपाले आज शनिबारका लागि सचिवालय बैठक बोलाएको छ । रास्वपाका प्रवक्ता मनिष झाले सभापति लामिछानेको निर्देशनमा बैठक बोलाइएको बताए । बैठकको समय र स्थान भने सभापति लामिछानेको स्वास्थ्य अवस्थालाई हेरेर तय गरिने उनले बताए । निर्वाचन आयोगले दलहरूलाई समानुपातिक सांसदको नाम छान्न आइतबारसम्मको समय तोकेको छ ।

समानुपातिक सांसदको टुंगो लाग्नसाथ रास्वपाले संसदीय दलको बैठक बोलाउने तयारी गरेको छ । बालेनलाई प्रधानमन्त्री बनाउन विधानमा संशोधन गर्नुपर्ने भएकोले केही दिन समय लाग्ने जनाएको छ । पार्टीको विधान २०७९ को धारा ६६ को 'क' संसदीय दलको नेता बन्ने निर्वाचनसम्बन्धी व्यवस्था छ । यसमा संसदीय दलको नेता बन्न पार्टीका साधारण सदस्यलेसमेत मतदान गर्न पाउने भनिएको छ । 'संघीय निर्वाचनअगावै पार्टीका तर्फबाट संघीय निर्वाचनका लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका उम्मेदवारहरूमध्ये इच्छुक उम्मेदवारहरूबीच प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुने छ । (दल नेताको) निर्वाचनमा पार्टीका सम्पूर्ण साधारण सदस्यहरू मतदाता हुन पाउने छन्,' उक्त धारामा भनिएको छ ।

अघिल्लोपटक पनि यो प्रावधान प्रयोगमा नआएकोले यसपटकबाट संशोधन गरेर बालेनलाई प्रधानमन्त्री बनाउने बाटो खुला गर्न लागेको रास्वपाकी सहप्रवक्ता रावलले बताइन् । एकताका क्रममा लामिछाने र शाहबीच १३ पुसमा गरिएको सहमतिको बुँदा नं ४ मा लेखिएको छ, 'राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सभापति रवि लामिछाने रहने र आसन्न प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन्द्र शाह हुने ।' शाहलाई संसदीय दलको नेता र प्रधानमन्त्री बनाउने सहमति भइसकेकाले रास्वपा विधान संशोधनको तयारीमा जुटेको हो । आयोगले निर्वाचनको अन्तिम परिणाम चैत ५ गतेसम्ममा राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउने तयारी गरेको छ ।

रास्वपाले निर्वाचनमा बहुमत ल्याएकोले संविधानको धारा ७६(१)अनुसार बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने प्रावधान छ । 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने छ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने छ,' यस धारामा भनिएको छ । गणतन्त्रपछि पहिलोपटक यो धाराको प्रयोग हुन लागेको हो । यसअघि भएका निर्वाचनमा कुनै दलले एकल बहुमत नल्याउँदा यो धारा प्रयोगमा आएको थिएन ।

संविधानसभाबाट २०७२ सालमा संविधान जारी भएपछि २०७४ मा भएको निर्वाचनमा तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच तालमेल भएको थियो । गठबन्धन भएसँगै १७४ सिट पुगे पनि दुईवटा पार्टीको एकीकरण नहुँदा संविधानको धारा ७६ को (२) को प्रयोग गरी सरकार गठन भएको थियो । २०७९ सालको निर्वाचनमा कुनै पनि दलले बहुमत नल्याउँदा धारा ७६ (२) बमोजिम नै मिलीजुली सरकार बनेको थियो ।

■■■

### वायु प्रदूषणले..

डब्ल्युएचओको मापदण्डअनुसार स्वास्थ्यका लागि हानिकारक मानिने सूक्ष्म कणको वार्षिक औसत मात्रा प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन । सूक्ष्म कण त्योभन्दा कम भएमा हावामा तैरने सक्ने र जसले श्वासप्रश्वास प्रक्रियामा फोक्सोसम्म पुग्ने गरेको डा. बुढाथोकीले बताए । नेपालमा डब्ल्युएचओको मापदण्डभन्दा बढी नै प्रदूषण भएको उनले बताए ।

वायु गुणस्तर सूचक ० देखि ५० सम्म स्वस्थ, ५१ देखि १०० सचेत, १०१ देखि १५१ सम्म जोखिम समूह (ज्येष्ठ नागरिक, दीर्घरोग र बालबालिका) का लागि हानिकारक मानिन्छ । वायु गुणस्तर सूचक १५१ भन्दामाथि भएमा अस्वस्थ्य मानिने गरिएको छ ।

यसलाई डब्ल्युएचओको मापदण्डभित्र पुऱ्याउन सके हरेक वर्ष नेपालीको आयु ३.३ वर्षले बढ्ने अनुमान गरिएको छ । वायु प्रदूषणकै कारणले वार्षिक ७९ लाख मानिसको मृत्यु हुने गरेको र तीमध्ये ९० प्रतिशत कम र मध्यम आय भएका देशका नागरिक पर्दछन् ।

वायु प्रदूषण सवारीसाधनबाट निस्केको धुवाँ, औद्योगिक उत्सर्जन, खुलारूपमा फोहोर तथा जैविक पदार्थ जलाउँदा निस्कने धुवाँ, सडक र निर्माण कार्यको धुलो, वन डढेलो र कीटनाशक र विषादीको प्रयोगलगायतबाट हुने गरेको छ ।

■■■

### वर्षाले घटायो...

'वर्षाले हावामा रहेको धूलो तथा कणलाई जमिनमा झार्न मद्दत गर्ने र हावाले धूलो तथा प्रदूषणका कण उठाएर लैजाँदा प्रदूषण कम हुन्छ,' उनले भने, 'दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारीरूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायलाई सुझाव दिएका छौं ।'

वातावरणविद् भुषण तुलाधरले समयमै पूर्वतयारी, पातपतिंगर व्यवस्थापन, डढेलो नियन्त्रण तथा सवारीसाधनको धुवाँ परीक्षण र मापदण्डको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको सुझाव दिए । जल तथा मौसम विज्ञान विभागका मौसमविद् सञ्जिव अधिकारीले बिहीबारदेखि नै मौसममा सुधार आएको र वर्षा भएसँगै वायुमा रहेको प्रदूषण हटाउन मद्दत गरेको जानकारी दिए ।

एक्युआइको मापदण्डअनुसार ० देखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्छ । १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्न सक्छ । १५१ देखि २०० 'सबैका लागि अस्वस्थ,' २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ ।

■■■

### विदेशी कामदारका...

समाचारका अनुसार कार्यस्थल दुर्घटना बिमा कार्यक्रम सन् २०२८ मा सुरु गर्ने योजना बनाइएको छ । यसका लागि पनि एक प्रतिशत तलब योगदान आवश्यक पर्ने जनाइएको छ । कार्यस्थल दुर्घटनाका लागि अधिकतम तीन हजार ओमानी रियलसम्म क्षतिपूर्ति दिइने छ । यो योजनाले ओमानको सामाजिक सुरक्षा प्रणालीलाई सबल बनाउने, कामदारको कल्याण गर्ने र ओमानको श्रमबजारको लचिलोपन बढाउने विश्वास गरिएको छ ।

नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक ओमानमा हाल करिब २५ हजार नेपाली कार्यरत छन् । त्यहाँ आर्थिक वर्ष २०८०/८१ मा पाँच हजार ९१० र २०८१/८२ मा आठ हजार ६०१ जना गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

■■■

### अनलाइन ठगीमा...

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा कम्बोडिया गएकामा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा दुई हजार ९४० जना, सन् २०२४ मा छ हजार ४०४ जना तथा सन् २०२५ मा नौ हजार ६७६ जना नेपाली कम्बोडिया गएको देखिन्छ ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यान्मा थाइल्याण्डलगायत मुलुकमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नआउनका लागि दूतावासले अनुरोध गरेको छ ।

■■■

### जहाँबाट...

'यहाँ आउँदा चिया बगानमा फोटो खिचेरमात्र हुँदैन, छुर्पी, ललिपपलगायत कोसेली पनि किनेर लैजानुपर्छ भन्ने धारणा नै बनेको छ,' व्यापारी अमीर आचार्यले भने ।

काठमाडौंमा व्यवसाय गर्दै आएका दीपक खड्का पनि यहाँ भेटिए । उनी आफू इलामे कोसेलीका नियमित ग्राहक भएको बताउँछन् । 'कोही इलामबाट काठमाडौं आउँदै छ भन्ने थाहा पायो भने ललिपप र छुर्पी मगाइहाल्छु । यहाँ आफैं आएको बेला त झन् छोड्ने कुरै भएन । घरमा सबैजना इलामको मिठाई भनेपछि मरिहत्ते गर्छिन्,' उनी भन्छन् ।

दूध र चिनीको मिश्रणबाट बन्ने ललिपप र बम्बइसन यहाँका घरेलु उद्योग प्रवर्द्धनमा निकै टेवा पुगेको छ । गाउँगाउँमा यी मिठाई उत्पादन हुने क्रम बढ्दो छ । सूर्योदय नगरपालिका-५ का वडाध्यक्ष उर्गेन बम्जनका अनुसार यी उत्पादन 'इलाम ब्राण्ड'का रूपमा चिनिन थालेका छन् ।

जिल्लामा करिब दुई दर्जन ललिपप उद्योग सञ्चालनमा छन् । यहाँ उत्पादित मिठाईको माग स्थानीय बजारसँगै काठमाडौं र भारतसम्म हुने गरेको उद्यमी शिवलाल प्रधान बताउँछन् । सानो प्याकेट ललिपप ५० रूपैयाँ र ठूलो प्याकेट १०० रूपैयाँमा बिक्री हुन्छ । उपहारका लागि आकर्षकरूपमा 'प्याकेजिङ' गरिएका 'गिफ्ट ललिपप' पनि बजारमा उपलब्ध छन् ।

इलाममा दुग्धजन्य उद्योगको दायरा पनि विस्तार हुँदै गएको हो । जिल्लाका १८ चिज कारखानाले दैनिक करिब २७ हजार लिटर दूध संकलन गर्छन् । स्थानीय बजारमा पाँच हजार लिटर दूध खपत हुने गरेको छ भने छुर्पी उद्योगले दैनिक १५ हजार लिटर दूध प्रयोग गर्छन् । ललिपप र बम्बइसन उद्योगले करिब पाँच हजार लिटर दूध खपत गर्छन् भने तीन हजार लिटर दूध भारतीय बजारमासमेत निर्यात हुने गरेको तथ्यांक छ ।

भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्यांकअनुसार जिल्लामा १८ चिज कारखाना, करिब १५० छुर्पी उद्योग र १३ दुग्ध मिठाई उद्योग सञ्चालनमा छन् । यहाँ वार्षिक एक लाख १६ हजार ८६ मेट्रिक टन दूध उत्पादन हुने गरेको छ भने ३३ हजार ३७१ उन्नत जातका गाई पालिएका छन् ।

पर्यटकीय गतिविधिले यस्ता उद्योग र स्थानीय उत्पादन प्रवर्द्धनमा टेवा पुगिरहेको केन्द्र प्रमुख रागवेन्द्र तिवारीको भनाइ छ । 'पर्यटकीय गतिविधिले यहाँका चियाबारी, पर्यटकीय क्षेत्र प्रचारमात्रै भइरहेको छैन, स्थानीय उत्पादनको बजारीकरण पनि भइरहेको छ । यसले स्थानीय साना उद्यमीको जीविकोपार्जन र व्यवसाय विकासमा पनि टेवा पुगेको छ,' उनले भने ।

सूर्योदय नगरपालिकाका कार्यवाहक प्रमुख दुर्गाकुमार बराल स्थानीय उत्पादन प्रवर्द्धनका लागि काम भइरहेको बताउँछन् । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा स्थानीय उत्पादकलाई प्रोत्साहनका लागि अनुदान दिने विषयमा पनि छलफल भइरहेको उनले बताए ।

'पर्यटकीय गतिविधि बढेसँगै यहाँ उत्पादन पनि बढिरहेको छ । उत्पादन वृद्धि र बजार विस्तारका लागि अन्य पालिकासँग पनि सहकार्य गर्ने नीति छ । त्यसका लागि विगतमा पनि केही पहल भएका छन्, अब आगामी आर्थिक वर्षमा थप योजना अगाडि सार्छौं । स्थानीय उत्पादन प्रवर्द्धनका लागि अनुदानमा आधारित नीति अगाडि सार्ने कि भनेर छलफलमै छौं । बजार विस्तार र स्थानीय उत्पादकले लाभ पाउने गरी काम हुन्छ,' कार्यवाहक प्रमुख बरालले भने ।

यसरी हेर्दा यहाँको पर्यटन केवल दृश्यमा सीमित छैन, स्थानीय किसान तथा व्यवसायीको सशक्तीकरणको बलियो आधार बनिरहेको छ । चियाबारीको हरियाली र अन्तुको सूर्योदयसँगै यहाँको मिठास बोकेको कोसेली पनि पर्यटकको झोलामा भरिएर देशका विभिन्न ठाउँसम्म पुगिरहेको छ । यस्ता उत्पादनको थप 'ब्राण्डिङ' र बजारीकरणमा लगानी गर्न सके अझ धेरै लाभ लिन सकिने स्थानीयको भनाइ छ । *रासस*


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०८१/०९/१६ मा दर्ता भएको **दर्ता नं. ३८८३६२** को **माइल हाइ टेक्नोलोजी प्रा. लि.** को मिति २०८२/११/२९ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/११/३० गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२/११/१० मा स्वीकृत प्राप्त भई साविक कम्पनी **मोवाइल हाउस दमक प्राइभेट लिमिटेड** (प्रा.लि.न. २२९५७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्नु पर्ने ऋण तथा कर दायित्व आदि परिवर्तन नामको **भट्राई काजी कन्स्ट्रक्सन प्राइभेट लिमिटेड**ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

### निर्वाचन समितिको सूचना

कम्पनी रजिष्टाको कार्यालयमा प्रा लि नं २१६४३५/०७५/०७६ बाट दर्ता भएको **नमस्ते पासाङ ल्हामु यातायात प्रा लि** को मिति २०८२।०९।२९ मा स्थगित भएको भएको अधिबेशन मिति २०८२।१२।०२ मा बिजी ब्याङ्केट नयाँ बसपार्कमा बिहान १०:०० बजेबाट शुरु हुने व्होरा जानकारीको लागि कम्पनीका सबै शेयरधनीहरूलाइ सूचना प्रकाशित गरिएको छ ।

**निर्बाचन संयोजक**

### डिभिजन वन कार्यालय पहलमानपुरको काठ/दाउरा लिलाम बिक्री सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८२/११/३०**

यस कार्यालय मातहतको **सब डिभिजन वन कार्यालय सुखड**, कैलाली अन्तर्गत राष्ट्रिय वनक्षेत्र अन्तर्गत बग्ने खोलाहरूमा आ.व. ०८१/८२ मा संकलन भई बुलवले रानी सा.व.उ.स. कम्पाउण्ड, घोडाघोडी नगरपालिका वडा नं. १०, कैलालीमा घाटगद्दी गरिएको विभिन्न लटमा रहेका खयर जातको गोलिया काठ थान २३४ को परिमाण ९६५.२७ क्यू. फिट, साल जातको गोलिया काठ थान ३२५ को परिमाण २६१२.२१ क्यू.फिट, सिसौ जातको गोलिया काठ थान ११८ को परिमाण ५२८.२२ क्यूफिट, अस्ना जातको गोलिया काठ थान ३९ को परिमाण ४६९.७० क्यू.फिट, हल्दु जातको गोलिया काठ थान ६३ को परिमाण ६८१.११ क्यू. फिट र अन्य जातको गोलिया काठ थान ३३ को परिमाण ३०७.२४ क्यू. फिट साथै इलाका प्रहरी कार्यालय सुखड कैलाली परिसरमा रहेको जोखिमयुक्त रुख कटानबाट उत्पादन भएको खयर जातको गोलिया काठ थान १३ को परिमाण ७५.८५ क्यूफिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सूचिकृत उद्योगले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र वन निर्देशनालय, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरी प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र २२ (बाइस) औं दिनको अपरान्ह २:०० बजे भित्र डिभिजन वन कार्यालय पहलमानपुर, कैलालीमा दाखिला गर्न आह्वान गरिन्छ ।

### ह्वाइटगोल्ड मल्टी इनर्जी लिमिटेड

**ललितपुर महानगरपालिका- १०, ललितपुर**

### प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति २०८२।११।३०)**

यस कम्पनीको मिति २०८२ फाल्गुण १० गते आइतबार दिनको २:०० बजे बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको प्रथम वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**प्रथम बार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

मिति :- २०८२ चैत ३ गते मंगलवार (तदनुसार १७ मार्च, २०२६)
समय :- विहान ९ बजे
स्थान :- होटल हार्दिक, वागवजार, काठमाडौं ।

**प्रथम बार्षिक साधारणका छलफलका प्रस्तावहरू :**

**(१) सामान्य प्रस्तावहरू :-**

क)कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख)कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग)कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(२) विशेष प्रस्तावहरू**

क) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा ।

**(२) विविध**


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ३० फागुन, २०८२

| | |
|---|---|
| **मेष** | भाग्यमा वृद्धि हुने छ । भगवान श्रीकृष्णको नाम जप गरेमा राम्रो हुने छ । |
| **वृष** | अज्ञात भयले मन बिथोलिनेछ ।कुर्मावतार भगवान श्री नारायणको ध्यान गरेमा दिन सहज हुन सक्छ । |
| **मिथुन** | व्यापारको स्थितिमा सुधार आउनेछ । महालक्ष्मीको आराधना गरेमा स्थायी फल प्राप्त हुनेछ । |
| **कर्कट** | स्वास्थ्य गडबड रहनेछ । वैद्यनाथ स्तोत्र पाठ गरेमा जटिलता न्यून हुने छ । |
| **सिंह** | सन्तान र प्रेम मामिलामा सुधार आउनेछ । आदित्य हृदय स्तोत्रको पाठ गरेमा प्रभाव बढेर जानेछ । |
| **कन्या** | घरपरिवारमा सुखको माहोल छाउनेछ । चन्द्रशेखर अष्टकमको पाठ गरेमा सुख वृद्धि हुने छ । |
| **तुला** | भाइबहिनीको साथ मिल्नेछ । चन्द्रघण्टा देविको स्तुति गरेमा साहस बढेर जानेछ । |
| **वृश्चिक** | वाणिमा मधुरता छाउनेछ । गणेशजिको पूजा अर्चना गरेमा विघ्न हटेर जानेछन् । |
| **धनु** | मन चंचल रहनेछ । पूर्ण चन्द्रमाको मानस ध्यान गरेमा मन शान्त रहला । |
| **मकर** | मनमा धेरै विचार खेल्नेछन । भूतनाथ स्तोत्रको पाठले रक्षा गर्नेछ । |
| **कुम्भ** | इच्छापूर्तिको योग रहेको छ । श्रीहरिस्तोत्रमको पाठ गरेमा सफलता मिल्नेछ । |
| **मीन** | कार्यक्षेत्रमा दौडधुपको स्थिति रहला । शिव महिम्न स्तोत्र श्रवण गरेमा मन शीतल रहला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० फागुन, २०८२ (१४ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४६.९७ | १४७.५७ |
| युरो | १ को | १७०.५३ | १७१.२३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९७.५१ | १९८.३१ |
| स्विस फ्रैन्क | १ को | १८८.७५ | १८९.५२ |
| अस्ट्रेलियन डलर | १ को | १०५.३० | १०५.७३ |
| क्यानाडियन डलर | १ को | १०८.३१ | १०८.७५ |
| सिङ्गापुर डलर | १ को | ११५.४८ | ११५.९५ |
| जापानी येन | १० को | ९.२८ | ९.३२ |
| चिनियाँ युआन | १ को | २१.४० | २१.४९ |
| साउदी अरब रियाल | १ को | ३९.१६ | ३९.३२ |
| कतारी रियाल | १ को | ४०.३१ | ४०.४८ |
| थाई भाट | ख १ को | ४.६३ | ४.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.०१ | ४०.१८ |
| मलेसियन रिङेट | १ को | ३७.५३ | ३७.६८ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.०० | १६.०७ |
| डेनिस क्रोनर | १ को | २२.८२ | २२.९२ |
| हङकङ डलर | १ को | १८.७८ | १८.८५ |
| कुवेती दिनार | १ को | ४८०.०६ | ४८२.०२ |
| बहराइन दिनार | १ को | ३८९.२२ | ३९०.८१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शैक्षिक इतिहासको साक्षी




✍ वासुदेव पौडेल/गण्डकी

कुनै समयको चर्चित भनाइ थियो, 'शिक्षा नपाए कि जानु काशी, कि जानु कास्की'। प्राचीनकालदेखि नै शिक्षाको विशिष्ट गन्तव्यका रूपमा चासो र चर्चा कमाएको कास्कीमा १८-१९औं शताब्दीतिर अन्नपूर्ण गाउँपालिका, पाउँदुरमा सञ्चालित पिँढी पाठशाला र विन्ध्यवासिनी क्षेत्रमा सञ्चालित पठनपाठनका कारण यो क्षेत्र शिक्षाको केन्द्रका रूपमा रहेको थियो।

तत्कालीन समयमा पाउँदुरमा पौडेल थरका व्यक्तिले पिँढीमा राखेर पढाउने भएकै कारण त्यसबेला पिँढी पाठशाला भन्ने गरिन्थ्यो। उक्त समयमा विन्ध्यवासिनी आसपासमा पराजुली र रेग्मी थरका विद्वानले गुरु, शिष्य परम्परानुसार नै पठनपाठन गराउँदै आएको पाइन्छ।

कास्कीमा सञ्चालित गुरुकुल शिक्षा प्रणालीकै जगमा १९५८ सालमा प्रधानमन्त्री देवशमशेरका पालामा मुलुकभर प्राथमिक पाठशाला खोल्ने नीतिअनुरूप परम्परागत गुरुकुल चलेकै स्थान विन्ध्यवासिनी क्षेत्रमा रुद्रनाथ पौडेल (अघौं) तथा पं श्री गुणानिधी पराजुली (मिरुवा, पोखरा) समेतको पहलमा औपचारिक विद्यालय खुलेको शिक्षासेवी एवं संस्कृत माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद अधिकारीले जानकारी दिए।

उनका अनुसार सुरुआतमा यस विद्यालयमा संस्कृत एवं नेपाली श्रेस्ता शिक्षा विषयको दुई जना गुरुहरूबाट पठनपाठन गराउने व्यवस्थाको सूत्रपात भएको थियो। पहिला यहाँ पढेका, पढाइएका विद्यार्थी संस्कृत शिक्षाको परीक्षा दिन बनारस जानुपर्ने र श्रेस्ता शिक्षाको परीक्षा दिन काठमाडौं जानुपर्ने व्यवस्था रहेकामा पछि निजामती प्रथमा यहीँ हुने र निजामती मध्यमा गर्न काठमाडौं जानुपर्ने प्रावधान रहेको उनले जानकारी दिए।

पोखरा महानगरपालिका-१ भीमकाली पाटनस्थित संस्कृत माध्यमिक विद्यालय जिल्लाकोमात्र नभई समग्र गण्डकी प्रदेशको नै जेठो विद्यालय हो। २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको सुरुआतसँगै तत्कालीन शिक्षा ऐनले निर्देश गरेबमोजिम यस विद्यालयमा पनि विद्यालय व्यवस्थापन समिति गठन प्रारम्भ भएको पाइन्छ। यस ऐनले निर्देश गरेबमोजिमको विद्यालयको व्यवस्थापनको लागि पहिलो अध्यक्षको जिम्मेवारी भोलानाथ पराजुलीले लिएका थिए। त्यसपछि विद्यालयको अध्यक्षको जिम्मेवारीमा क्रमशः मुकुन्दशरण उपाध्याय, तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, मोतीमान शाक्य, केशवराज पराजुली, चक्रपाणी सुवेदी, चिजमान गुरुङ, राजेन्द्ररमण पराजुली, गोविन्द नेपाली, ईश्वरीलाल श्रेष्ठ हुँदै हाल विष्णुप्रसाद अधिकारी रहेका छन्।

त्यस्तै विद्यालयको शैक्षिक प्रशासनतर्फ स्थापनाकालीन समयमा प्रधानाध्यापकको जिम्मेवारी रुद्रनाथ पौडेलले सम्हालेका थिए। पछि क्रमशः गुणनिधि पराजुली, देवीरमण पराजुली, शिवकुमार रेग्मी, सोमनाथ रेग्मी, टंकनाथ पराजुली, बालमुकुन्द रेग्मी, बद्री पहारी, शुकदेव बराल, इन्द्रप्रसाद पराजुली, आत्माराम बाँस्तोला, जनार्दन त्रिपाठी, तोयनाथ पौडेल, तारा पाखे, दामोदर बाँस्तोला, कृष्णप्रसाद देवकोटा, गोविन्दप्रसाद सिग्देल हुँदै हाल श्रीकृष्ण सिग्देलले विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका छन्।

अभिलेखअनुसार विद्यालयमा २०13 सालमा सुन्दरप्रसाद मर्सानीको अध्यक्षतामा रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट राजकीय संस्कृत प्रधान पाठशालाका नाममा जग्गा हस्तान्तरण गराई पठनपाठनको समुचित व्यवस्था मिलाइएको पाइन्छ। त्यस्तै २०२१ सालमा अञ्चलाधीश नन्दबहादुर मल्ल अध्यक्ष रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट हस्तान्तरित जग्गामा भवन निर्माण गराइएको देखिन्छ।

विर्ताबाट विद्यालयलाई प्राप्त हुन आएको ८२ रोपनी जग्गामध्ये १० रोपनी जग्गा यहीँ रहेको विन्दुबासिनी संस्कृत विद्यापीठलाई प्रदान गरी संस्कृततर्फको उच्च शिक्षातर्फका कक्षाहरू सञ्चालन भइरहेको छ। विद्यालयमा २०२८ सालको नयाँ शिक्षा लागू हुनु अगाडि संस्कृत, नेपाली, व्याकरणमात्र पठनपाठन गराइँदै आएकोमा २०२८ सालपछि अनिवार्य शिक्षासमेत समावेश गरी राजकीय संस्कृत प्रधानपाठशालाबाट संस्कृत माध्यामिक विद्यालय

> पोखरा महानगरपालिका-१ भीमकाली पाटनस्थित संस्कृत माध्यमिक विद्यालय जिल्लाकोमात्र नभई समग्र गण्डकी प्रदेशको नै जेठो विद्यालय हो। २०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनाको सुरूआतसँगै तत्कालीन शिक्षा ऐनले निर्देश गरेबमोजिम यस विद्यालयमा पनि विद्यालय व्यवस्थापन समिति गठन प्रारम्भ भएको पाइन्छ।
>
> अभिलेखअनुसार विद्यालयमा २०13 सालमा सुन्दरप्रसाद मर्सानीको अध्यक्षतामा रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट राजकीय संस्कृत प्रधान पाठशालाका नाममा जग्गा हस्तान्तरण गराई पठनपाठनको समुचित व्यवस्था मिलाइएको पाइन्छ। त्यस्तै २०२१ सालमा अञ्चलाधीश नन्दबहादुर मल्ल अध्यक्ष रहेको समितिले विर्तावाल रत्नाकर पराजुलीबाट हस्तान्तरित जग्गामा भवन निर्माण गराइएको देखिन्छ।

नामकरण गरिएको व्यवस्थापन समितिका अध्यक्ष अधिकारीले जानकारी दिए।

संस्कृत शिक्षाप्रतिको आकर्षण बढाउनका लागि २०७४ सालदेखि विद्यालयमा देशका दूरदराजमा रही शिक्षा प्राप्तिको अवसरबाट वञ्चित विद्यार्थीहरूलाई निःशुल्क आवास एवं भोजनको व्यवस्था गरिएको उनले बताए। विद्यालयलाई वास्तविक योजनाअनुरूप सञ्चालन गर्न विद्यालय सुधार योजनाको निर्माण तथा सोको निरन्तर सुधार, परिमार्जन र कार्यान्वयनसँगै विगतको विद्यार्थीको २२० जना पुऱ्याइएको छ।

विद्यालयका आवासीय बटुकहरूद्वारा नियमितरूपमा ध्यान, रुद्राभिषेक, विष्णु सहस्रनाम पाठलगायत अध्यात्मिक क्रियाकलापसमेत सञ्चालन गरिएको छ। विद्यालयमा अध्यापन गरिने कर्मकाण्डलगायत विषयको प्रयोगात्मक कक्षाका रूपमा मन्दिर एवं हवन कुण्ड आदिको निर्माणसमेत गरिएको उनले जानकारी दिए।

## भौतिक पूर्वाधार विकासमा उल्लेख्य उपलब्धि

विद्यालयमा २०७८ साउनदेखि अधिकारीको नेतृत्वमा व्यवस्थापन समिति गठनसँगै भौतिक पूर्वाधारलगायत क्षेत्रमा पनि उल्लेख्य विकास भएको प्रधानाध्यापक श्रीकृष्ण सिग्देलले बताए। यस अवधिमा विद्यालयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको सहयोगमा करिब ९२ लाख रूपैयाँको सहयोगमा चारकोठे पक्की भवन, पानीटयांकी र शौचालय निर्माण गरिएको छ।

विद्यालयपरिसरमा करिब दुई वर्षदेखि रोकिएको शिव पाञ्चायन मन्दिरको निर्माण सम्पन्नसँगै परिसरमा शिवलिंग, गणेश, विष्णु, देवी सूर्य (शिव पाञ्चायन)सहित लक्ष्मीनारायण, राधाकृष्ण, सीताराम, सरस्वती, अष्टचिरञ्जीवी र नवग्रहका प्रतिमाहरूको व्यवस्थापनसहित प्राणप्रतिष्ठा गरी नित्य पूजाको थालनी गरिएको छ। मन्दिरपरिसरमा हवन कुण्डको निर्माण गरिएको छ भने रोटरी क्लबको सहयोगमा करिब ३६ लाख रूपैयाँको लागतमा चारकोठे पक्की भवन थप गरिएको छ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाको सहयोग तथा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, पोखरा महानगरपालिकाको सहयोग र विद्यालयको आन्तरिक स्रोतमा अडिटोरियम हलको निर्माण, विज्ञान प्रयोगशालाको स्तरवृद्धि, भवन निर्माण तथा गुरुकुलमा बसोबासको व्यवस्था मिलाइएको छ। विभिन्न सहयोगदाता, संघसंस्थाको समन्वयमा विद्यालय तथा शिवपाञ्चायन मन्दिरपरिसरभित्र पुष्पबाटिका निर्माण, सातवटा चौतारी निर्माण तथा धार्मिक महत्त्वका बिरुवा रोपन गरिएको छ। पोखरा महानगरपालिका-१ तथा विभिन्न अक्षयकोषदाता तथा सहयोगदाताको सहयोगमा छात्रवृत्तिको व्यवस्था गरिनुको साथै विभिन्न दाताको सहयोगमा खानेपानी, खेल मैदानको निर्माण भएको छ।

विद्यालयको गुरुकुलतर्फ विगतमा ११ जना मात्र बटुक भएकामा हाल आवासीय बटुकको संख्या वृद्धि भई ७० जना पुगेको र उनीहरूलाई निःशुल्क आवास तथा भोजनको व्यवस्था गरिएको अध्यक्ष अधिकारीले जानकारी दिए। गुरुकुल व्यवस्थापनका लागि छुट्टै उपसमितिको व्यवस्था गरिएको छ। हाल गुरुकुलमा छ जना विशिष्ट सदस्य र १८६ जना आजीवन सदस्य रहेको उनले जानकारी दिए। गुरुकुलको व्यवस्थापनका लागि आर्थिक स्रोत व्यवस्थापन गर्न महर्षि वैदिक फाउन्डेसनसँग सम्झौता भएको छ। उक्त फाउन्डेसनले मासिकरूपमा भोजन व्यवस्थापनका लागि ५० हजार रूपैयाँ र ध्यान शिक्षकका लागि २२ हजार रूपैयाँ उपलब्ध गराउँदै आएको छ।

विद्यालयको शैक्षिक गुणस्तर तथा नतिजामा सुधार ल्याउन अतिन्यून शुल्कमा अतिरिक्त कक्षाको व्यवस्थापन गरी विद्यालयको बिएलई, एसइई, कक्षा १२ को नतिजामा उल्लेखनीयरूपमा सुधार गरिएको विद्यालयका सूचना अधिकारी श्रीकान्त सापकोटाले जानकारी दिए। उनका अनुसार विद्यार्थीका लागि वेद तथा कर्मकाण्डसम्बन्धी अतिरिक्त कक्षाका साथै व्यावहारिक सीप प्रदान गरिएको छ। विद्यालयमा संस्कृत विषयतर्फ 'प्लस टु'को कार्यक्रम थप गरी सञ्चालनमा ल्याइएको छ भने नेपाल संस्कृत विश्वविद्यालयसँग समन्वय र सहकार्य गरी विद्यालयमा सञ्चालित १० जोड दुई कार्यक्रममा निःशुल्करूपमा पढाउने व्यवस्था मिलाइएको छ। विद्यालयले भौतिक पूर्वाधारतर्फसँगै शैक्षिक गुणस्तरीयतामा पनि उत्तिकै सफल बनाउँदै लगिएको छ। *रासस*

# विदेशमा सन्तान: स्वदेशमा अभिभावकको मत परिवर्तन

✍ ध्रुवसागर शर्मा/म्याग्दी

यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा म्याग्दीले एउटा नयाँ तर रोचक भाष्य रचना गरिदिएको छ। अभिभावकको खटनपटन र निर्देशनमा रहने सन्तानहरू परिआएको खण्डमा आफ्नो विचार र बुझाइले अभिभावकको सोचाइ र परम्परावादी मान्यतालाई नै परिवर्तन गरिदिन सक्छन् भन्ने नयाँ भाष्य रचना गर्न म्याग्दी सफल भएको हो।

लाहुरेहरूको जिल्ला भनेरसमेत चिनिने म्याग्दीका अधिकांश युवा अध्ययन, रोजगारी र व्यापार-व्यवसायका लागि विदेशमा छन्। तिनै विदेशमा रहेका युवाहरूले यसपटकको निर्वाचनमा गाउँमा रहेका आफ्ना अभिभावकहरूको मन जितेर भोट परिवर्तन गराई पुराना स्थापित राजनीतिक दलका उम्मेदवारहरूलाई हराउन र स्वतन्त्र उम्मेदवार महावीर पुनलाई जिताउन सफल भएका छन्।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीबाट राजीनामा दिई गत माघ ६ गते म्याग्दी आएर स्वतन्त्र उम्मेदवारी दिएका राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुन स्वतन्त्र उम्मेदवारी दिएर विजयी हुने देशैभरिका एक्लो उम्मेदवार हुन्।

पुन विजयी हुनुमा उनको व्यक्तित्व, प्रचार शैली र क्षमतामात्रै होइन, देश विदेशमा रहेका म्याग्देली सन्तानहरूको महत्त्वपूर्ण भूमिका रहेको नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतम बताउँछन्। 'अभिभावकहरूको मत परिवर्तन गराउन सन्तानहरूको महत्त्वपूर्ण भूमिका रह्यो। विदेशमा रहेका आफ्ना सन्तानहरूले एकपटक आफ्नो कुरा सुनिदिन र पहिला जुन पार्टीलाई मत दिँदै आएको छ, त्यो मत यसपटक महावीर पुनलाई दिन अभिभावकहरूलाई आग्रह गरेपछि जिल्लामा रहेका अभिभावकहरूले कांग्रेस, एमाले र नेकपालाई दिँदै आएको मत परिवर्तन गरी स्वतन्त्र उम्मेदवार पुनलाई दिएका कारण महावीर पुनको विजय भएको हो,' अध्यक्ष गौतमले बताए।

> वर्षौंदेखि एउटै पार्टीलाई भोट दिनुभयो, खै के पाउनुभयो र ? तपाईंहरु गाउँमा दुःख गर्ने, हामीले विदेशमा रातदिन नभनी काम गर्नुपर्ने अवस्थामा परिवर्तन भएन। यसपटक भोट परिवर्तन गर्नुहोला बुबा ! छोराको यो भनाइले आफ्नो मन छोएपछि भोट परिवर्तन गरेर महावीर पुनलाई हालेँ।
>
> **■ झकबहादुर गर्बुजा**
> **मतदाता**

गौतमको यो भनाइसँग बुद्धिजीवी तथा राजनीतिक समीक्षक राजु केसी पनि सहमत छन्। माउन्ट एभरेस्ट माविका प्राचार्यसमेत रहेका केसीले सधैँभरि अभिभावकको कुरा सुन्ने गरेका सन्तानहरू यसपटकको निर्वाचनमा भने आफ्ना कुरा अभिभावकलाई बुझाउन र उनीहरूको मन परिवर्तन गराउन सफल भएको बताउँछन्।

'विदेशमा रहेका युवाको बढ्दो चेतना, ज्ञान, देशको अवस्था र राजनीतिक दलका नेताहरूको क्रियाकलापका कारण बढेको नैराश्यता नै मत परिवर्तनको मुख्य कारण हो,' केसीले भने, 'वर्षौंदेखि भोट दिँदै आएका राजनीतिक दल र ती दलका नेताहरूको काम र प्रवृत्तिबाट युवाहरूमा उत्पन्न भएको नैराश्यतालाई उनीहरूले आफ्ना अभिभावकहरूलाई राम्रोसँग बुझाउन सके, सन्तानको विचार र बुझाइलाई अभिभावकहरूले पनि मन पराए र उनीहरूले मत परिवर्तन गरे।'

त्यसैगरी, जिल्लाको अन्नपूर्ण गाउँपालिका-१ दोबाका ७१ वर्षीय झकबहादुर गर्बुजाले विदेशमा रहेका आफ्ना



छोराले यसपटक पुनलाई भोट दिन आग्रह गरेपछि आफूले पहिला भोट दिँदै आएको पार्टीलाई नदिई पुनलाई नै भोट दिएको बताए। 'वर्षौंदेखि एउटै पार्टीलाई भोट दिनुभयो, खै के पाउनुभयो र ? तपाईंहरू गाउँमा दुःख गर्ने, हामीले विदेशमा रातदिन नभनी काम गर्नुपर्ने अवस्थामा परिवर्तन भएन। यसपटक भोट परिवर्तन गर्नुहोला बुबा ! छोराको यो भनाइले आफ्नो मन छोएपछि भोट परिवर्तन गरेर महावीर पुनलाई हालेँ,' उनले भने। राजनीतिक दल र नेताहरूप्रतिको नैराश्यता र सन्ततिहरूको दबाबका कारण यसपटक म्याग्देली जनताले मत परिवर्तन गरेर भारी मतले स्वतन्त्र उम्मेदवार पुनलाई जिताएका छन्। प्रतिनिधिसभा सदस्यका लागि एउटामात्र निर्वाचन क्षेत्र रहेको म्याग्दीमा पुन १४ हजार ९३१ को फराकिलो मतान्तरसहित निर्वाचित भएका हुन्।

निवर्तमान शिक्षामन्त्रीसमेत रहेका पुनले २२ हजार ८५० मत प्राप्त गर्दै विजयी भएको मुख्य निर्वाचन अधिकृत सूर्यबहादुर थापाले बताए। उनका प्रतिस्पर्धी एमालेका हरिकृष्ण श्रेष्ठले सात हजार ९१९ मत प्राप्त गरेका छन्। त्यसैगरी, नेपाली कांग्रेसका कर्णबहादुर भण्डारी (केबी)ले छ हजार ६७३ मत र नेकपाका अर्जुन थापाले तीन हजार ५३० मत प्राप्त गरेका मुख्य निर्वाचन अधिकृत थापाले बताए। म्याग्दीमा स्वतन्त्रसहित १२ जना चुनावी प्रतिस्पर्धामा थिए। म्याग्दीमा ८६ हजार ३९७ मतदाता रहेकामा ४६ हजार २१५ मत खसेको थियो।

## पकड क्षेत्रमै आएन दललाई भोट

यसपटकको निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)लाई आफ्नो बलियो पकड भएको भनिएका ठाउँहरूबाट नै भोट नआएपछि चिन्तित बनाएको छ। धवलागिरि गाउँपालिकाको लुलाङ, मुदी, मराङ, ताकम र मंगला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका एमालेका बलियो पकड र संगठन भएका क्षेत्र हुन्।

⏭ क्रमशः पृष्ठ ५ मा

# खानेपानी अभावपछि खाली हुन थाल्यो गाउँ

■ रवीन्द्र काफ्ले



**पाँचथर–** कुनै समय यहाँको तुम्बेवा गाउँपालिका-१ ढुकुरेमा बाक्लो बस्ती थियो । अचेल आधाभन्दा बढी घर खाली भइसकेका छन् । घर भत्किँदै छन्, खेतीयोग्य जमिन झाँडीले ढाक्दै गएको छ ।

ढुकुरे डाँडागाउँको गर्भवती आधारभूत विद्यालयको नजिकै कुनै बेला १३ परिवारको बसोबास थियो । हाल विद्यालय अगाडिपट्टि कालुराम कार्की र तलपट्टी एक अर्को गरी केवल दुई परिवारको बसोबास छ । यहाँबाट तीन घण्टाको दूरीमा तमोर करिडोर सडक हुँदै धरान पुग्न सकिन्छ । विद्युत् पनि विस्तार भएकाले अँध्यारोमा बस्नुपरेको छैन । ढुकुरेमै नेपाल विद्युत् प्राधिकरणको सबस्टेसन राखिएको छ । ढुकुरेभन्दा मुनि तमोर करिडोरमा पर्ने लखुवा दोभानदेखि तुम्बेवा गाउँपालिकाको केन्द्र मौवा बजारसम्मको सडक धमाधम कालोपत्रे भइरहेको छ । यहाँ विकास गाउँ पस्दै छ, तर मान्छे बसाइँ सर्दै छन् । गाउँमा मानिसहरू भेट्न मुस्किल छ ।

स्थानीय सामाजिक कार्यकर्ता कमलबहादुर कार्कीका अधिकांश छिमेकीले बस्ती छोडिसकेका छन् । उनी भने गाउँ छोडेर नजाने अठोटमा छन् । 'मेरो घरछेउका पाँचवटा घर र अन्य गरी एउटै गाउँबाट ११ घर बसाइँ सरेपछि बस्ती सुनसान रहेको देखिसके । जंगलले ढाक्दै लगेको छ । बस्नेहरूको मनमा कुनै चमक छैन, न भविष्यप्रतिको कुनै आशा नै छ,' उनले भने । कार्कीका अनुसार यहाँ बसाइँ सर्नुको मुख्य कारणमा पानीको अभाव हो । 'वि.सं. २०७४ देखि केही वर्ष यहाँ वर्षा भएको छैन । वर्षा त हुन छाडेकै थियो, त्यसमाथि पिउने पानीका मुहान पनि सुक्दै गएका छन् । खानेपानीको हाहाकारजस्तै छ । त्यसैले पनि यहाँ बस्ने अवस्था छैन,' उनले भने ।

गर्भवती आधारभूत विद्यालयको आसपासबाट ११ परिवारमात्रै होइन, ढुकुरेको तल्लो गाउँबाट पनि सात घर बसाइँ सरिसकेका छन् । कार्कीका अनुसार डाँडागाउँभन्दा माथिबाटमात्रै १७ घर बसाइँ सरेका छन् । '६० भन्दा बढी घर भएको ढुकुरेमा हाल २५ परिवारमात्रै छौं होला । आधाभन्दा बढी बसाइँ सरिसकेका छन्,' उनले भने, 'अब हामीमात्रै बाँकी रहने अवस्था बनेको छ । यहाँ सडक र विद्युत् सुविधा सहज भएको छ, तर खानेपानीको अभाव भएकाले समस्या भएको हो । यो समस्या समाधान भए बसाइँसराइ रोकिन्थ्यो कि !'

जमिन सुक्खा भएपछि आम्दानीका स्रोत पनि सुक्दै गएका छन् । आम्दानी नभएपछि जीवन गुजारा गर्न पनि बसाइँ सर्नुको विकल्प नरहेको स्थानीयको भनाइ छ । यहाँ करोडौंको लगानीमा आङ्ना मौवा बृहत् पम्पिङ खानेपानी आयोजना निर्माण गरिएको छ, तर पनि सबै ठाउँमा खानेपानी सुविधा दिन सकिएको छैन । 'पम्पिङ खानेपानी पनि जोडेका छौं, पानी आउँछ भनेको पनि धेरै भइसक्यो, तर चल्छ जस्तो लागेको छैन,' कार्मीले भने, 'चार ठाउँबाट पम्पिङ गरेर पानी माथि ल्याउनुपर्ने हुन्छ । कहिले विद्युत् अवरुद्ध हुने त कहिले मेसिन बिग्रने समस्या छ । गाउँपालिकाले सञ्चालन गर्ने त भन्छ, तर काम भएको छैन ।'

कालुमानकी श्रीमती सरिता कार्की कुनै समय गुल्जारजस्तै लाग्ने बस्ती खाली भएको देख्दा आफूलाई उदेक लागिरहेको बताउँछिन् । 'पहिले त छरछिमेक थिए, दुःख सुख बाँड्थ्यौं, अहिले बाँझा घर हेरर उदेक लाग्छ । दुःख भए पनि आफ्नै ठाउँको माया लाग्छ, त्यसैले छोड्न सकेका छैनौं,' उनले भनिन् ।

लखुवा-मौवा सडकको दायाँतर्फ आङ्ना गाविसका पूर्वअध्यक्ष सुरेन्द्रकुमार दाहालको घर छ । उनको घरमा बस्ने लीला दाहाल यहाँबाट बसाइँ सरेर तुम्बेवा-१ कै पसलटार गएका छन् । पानी नभएपछि बसाइँ हिँड्नुपरेको उनको गुनासो छ । 'यहाँ नजिकै खानेपानीका मुहान छैनन् । धेरै माथिबाट ल्याएको सानो पानी सबैले बाँडेर खानुपरेको छ । हुन त पम्पिङ गरेर पानी ल्याइएको छ, त्यसले काम गरेको छैन । अभाव भएपछि के गर्नु, बसाइँ सर्नुको विकल्प छैन,' दाहालले भनेका थिए, 'पसलटारमा खानेपानीको केही सुविधा छ, यहाँ (ढुकुरेमा) पानीको हाहाकार हुने अवस्था आएपपछि उतै सर्न लागेका हौं ।'

५६ वर्षीया टुकमाया दाहालका छरछिमेकी पनि सकिँदै गएका छन् । उनको परिवार भने यही बसिरहेको छ । 'वरिपरिका सबै छिमेकी र आफन्त बसाइँ सरिसके । हाम्रो त मधेसमा जग्गा जमिन छैन, यहाँ दुःख गर्नुको विकल्प पनि रहेन,' उनले भनिन् ।

तुम्बेवा गाउँपालिका-१ आहालेका लालबहादुर घिसिङ पानीको समस्या नै बसाइँसराइको प्रमुख कारण बनेको बताउँछन् । आहाले क्षेत्रका २३ परिवारले नजिकको मुहान सुकेपछि करिब निकै समस्या भोग्नुपरेको उनले बताए । 'हाल घण्टौं लगाएर पानी थाप्नुपर्छ । दिनमा जम्मा चार/पाँच गाग्री पानी थाप्न पाइन्छ । पानी थाप्नकै लागि अरू काम छोड्नु परिरहेको छ,' घिसिङले भने ।

आहालेकै कुलबहादुर तामाङका अनुसार आङ्ना-मौवा बृहत् खानेपानी आयोजना गत स्थानीय तहको निर्वाचनअघि नै उद्घाटन गरिएको थियो । अधिकांश क्षेत्रमा पाइपलाइन विस्तार भएको छ भने उपभोक्ताले धारा जडान गरिसकेका छन्, तर पानी वितरण भएको छैन । 'चुनावअघि खानेपानी आउँछ भनेर आयोजनाको उद्घाटन गरियो, तर हालसम्म पानी आएको छैन,' तामाङले भने, 'फेरि चुनाव आयो तर पानी आएन ।' तुम्बेवा-१ जोरसल्लेकी गंगामाया कार्की खानेपानी अभावले निकै समस्या भोग्नुपरेको बताउँछिन् । 'ट्र्याक्टरमा पानी ल्याएर गुजारा गरिरहेका छौं । टयाक्टरले पनि भनेको बेला ल्याइदिँदैन, त्यो पनि खोलाकै पानी ल्याइदिन्छ,' उनले पीडा सुनाइन् ।

तुम्बेवा-३ मौवा बजारका सीताराम थापाले खानेपानीका लागि पुराना मुहानकै भर पर्नुपरेको र ती मुहान सुक्दै गएकाले अभाव बढ्दै गएको बताए । खानेपानी आयोजनाले लगानीअनुसार प्रतिफल दिएको भए यस्तो समस्या नआउने उनको बुझाइ छ । आङ्ना-मौवा बृहत् खानेपानी तथा सरसरफाइ उपभोक्ता समितिका सदस्य राजकुमार देवान भने तमोर नदीको लखुवा दोभानस्थित बगरमा नयाँ सम्पवेल निर्माण भएपछि खानेपानी पम्पिङको काम सहज हुँदै गएको बताउँछन् । सम्पवेलमा पानी संकलन र सञ्चालन राम्रोसँग भए पनि वितरण हुन नसकेको उनले बताए ।

'समस्या समाधानको प्रयासमै छौं । पानी वितरणका लागि सबैले सामूहिक प्रयास गर्नुपर्ने आवश्यकता छ । समितिसँग मर्मतसम्भार र संरचना निर्माण गर्ने बजेट छैन । गाउँपालिकाले बजेट छुटयाएको सुनेका छौं, तर तत्कालै निकासा हुने अवस्था छैन । बजेट व्यवस्थापन भएमा विगतका जस्तो समस्या हुँदैन,' उनले आश्वस्त पार्दै भने । *रासस*

# सुदूरपश्चिममा ४१ हजार मत बदर

**महेन्द्रनगर (प्रस)–** यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुदूरपश्चिम प्रदेशमा ४१ हजार ६२४ मत बदर भएको छ ।

सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालय धनगढीका अनुसार यहाँका १६ वटै निर्वाचन क्षेत्रमा गरी कूल खसेको मतको ४.७१ प्रतिशत मत बदर भएको छ । प्रदेश निर्वाचन कार्यालय धनगढीका सूचना अधिकारी दीलिप भाटले १७ लाख २९ हजार ४५० मतदाता रहेको सुदूरपश्चिममा आठ लाख ८४ हजार १७७ मत खसेको थियो । जसमा ४१ हजार ६२४ मत बदर भएको छ । पाँचवटा निर्वाचन क्षेत्र रहेको कैलाली क्षेत्र नं १ मा ५९ हजार ३११ मत खसेकामा तीन हजार २५८ मत बदर भएको छ ।

त्यसैगरी, कैलाली-२ मा ५६ हजार ९६७ मत खसेकामा दुई हजार ६४६ मत बदर भएको सूचना अधिकारी भाटले बताए । त्यसैगरी, ६० हजार ३३२ मत खसेको कैलाली-३ मा दुई हजार ९१३ मत बदर भएको छ भने कैलाली-४ मा दुई हजार ९०७ मत बदर भएको छ । यहाँ कूल ६३ हजार ११७ मत खसेको थियो । कैलाली-५ मा ६६ हजार २९५ मत खसेकामा दुई हजार ८०७ मत बदर भएको छ ।

त्यसैगरी, तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुर निर्वाचन क्षेत्र नं १ मा ६१ हजार ३६७ मत खसेकामा तीन हजार २३४ बदर भएको छ भने यहाँको निर्वाचन क्षेत्र नं २ मा तीन हजार ४३० मत बदर भएको छ । यहाँ कूल ६६ हजार ५४ मत खसेको थियो । त्यसैगरी, कञ्चनपुर-३ मा ५८ हजार ५४३ मत खसेकामा तीन हजार ३९९ मत बदर भएको छ ।

त्यसैगरी, दुईवटा निर्वाचन क्षेत्र रहेको अछाममा निर्वाचन क्षेत्र नं १ मा एक हजार ११९ मत बदर भएको छ । यहाँ कूल ३२ हजार २४३ मत खसेको थियो भने अछाम-२ मा ३२ हजार ६५० मत खसेकामा एक हजार ५३१ मत बदर भएको छ । एउटा निर्वाचन क्षेत्र रहेको बाजुरामा कूल ४५ हजार ६६९ मत खसेकामा एक हजार २०० मत बदर भएको छ भने डोटीमा ५२ हजार ९०६ मत खसेकामा दुई हजार ४६९ मत बदर भएको प्रदेश निर्वाचन कार्यालय धनगढीले जनाएको छ ।

दार्चुलामा एक हजार ६०८ मत बदर भएको छ । यहाँ कूल ५० हजार ९३० मत खसेको थियो भने बैतडीमा ७२ हजार ३०८ मत खसेको थियो । यहाँ चार हजार १२६ मत बदर भएको छ । यसैगरी, डडेलधुरामा २६ हजार २११ मत खसेकामा दुई हजार २५ मत बदर भएको छ ।

सुदूरपश्चिममा ५१.१२ प्रतिशत मतदान भएकामा ९५.२९ प्रतिशत सदर र ४.७१ प्रतिशत मत बदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ ।

# गण्डकीमा रास्वपालाई समानुपातिकतर्फ पाँच लाख मत

**गण्डकी (प्रस)–** गण्डकी प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ पाँच लाखभन्दा बढी मत प्राप्त गरेको छ । गण्डकी प्रदेशका ११ वटा जिल्लामा कूल १८ निर्वाचन क्षेत्रमध्ये प्रत्यक्षतर्फ १५ क्षेत्रमा विजयी बनेको पार्टीले समानुपातिकतर्फ पनि सर्वाधिक मत प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिए ।

उनका अनुसार प्रदेशमा रास्वपाले कूल पाँच लाख २५ हजार ६३५ मत प्राप्त गरेको छ । नेपाली कांग्रेसले दुई लाख सात हजार ३८७, नेकपा एमालेले एक लाख ५२ हजार ५८७, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले ५७ हजार ८७६ मत प्राप्त गरेका छन् । निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले २३ हजार ५५६ मत र श्रम संस्कृति पार्टीले १८ हजार ९९ मत प्राप्त गरेको आयोगले जनाएको छ । प्रदेशमा राष्ट्रिय जनमोर्चाले सात हजार ७७०, राष्ट्रिय परिवर्तन पार्टीले तीन हजार २२६, मंगोल नेसनल अर्गनाजेसनले दुई हजार ८५५, प्रगतिशील लोकतान्त्रिक पार्टीले दुई हजार ५४ नेपाली जनता संरक्षण पार्टीले एक हजार ९४९, राष्ट्रिय मुक्ति आन्दोलन नेपालले एक हजार ४१९, नेपाल कम्युनिस्ट पार्टी माओवादीले एक हजार ३७८, नेसनल रिपब्लिक नेपालले एक हजार ३४४ र जनमत पार्टीले एक हजार २११ मत प्राप्त गरेका छन् ।


## MAURITIUS मा रोजगार

कम्पनी : SHANXI FIRST CONSTRUCTION GROUP CO. LTD

पूर्व स्वीकृति मिति : २०८२/११/२९ | LT. No. 339437 | चलानी नं. ६०२५३४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 4 | 0 | 20685 | ६६,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 8 | 0 | 22300 | ७१,७०५ | | | | | | | |
| 3 | Mason | 50 | 0 | 22300 | ७१,७०५ | | | | | | | |
| 4 | Shuttering Carpenter | 30 | 0 | 22300 | ७१,७०५ | | | | | | | |
| 5 | Site Supervisor | 4 | 0 | 24490 | ७८,७५० | | | | | | | |
| 6 | steel fixter | 15 | 0 | 22300 | ७१,७०५ | | | | | | | |
| 7 | Welder | 5 | 0 | 22300 | ७१,७०५ | | | | | | | |

कम्पनी : NEW MAURITIUS HOTELS LIMITED

पूर्व स्वीकृति मिति : २०८२/११/२९ | LT. No. 339786 | चलानी नं. ६०२५३४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 27 | 0 | 18000 | ५७,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 19 | 0 | 18000 | ५७,८८० | | | | | | | |
| 3 | Maintenance Technician | 19 | 0 | 20000 | ६४,३१० | | | | | | | |
| 4 | Stewards | 36 | 0 | 18000 | ५७,८८० | | | | | | | |
| 5 | Valet parker | 27 | 0 | 18000 | ५७,८८० | | | | | | | |
| 6 | Waiter | 86 | 0 | 18000 | ५७,८८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ७ गते (21st March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067


# कोशी प्रदेशमा एक लाख ३१ हजार मत बदर

**मोरङ (प्रस)–** कोशी प्रदेशमा यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ३० हजार ८४७ मत बदर भएको छ ।

प्रदेश निर्वाचन कार्यालय विराटनगरले दिएको जानकारीअनुसार उक्त निर्वाचनमा प्रदेशका १४ जिल्लाको २८ निर्वाचन क्षेत्रमा २० लाख ८४ हजार २१९ मत खसेकोमध्ये १९ लाख ५३ हजार ३७२ मत सदर भएको थियो । निर्वाचनमा ताप्लेजुङमा दुई हजार ६८६, पाँचथरमा तीन हजार ८९७, इलाम-१ मा चार हजार ५६६, इलाम-२ तीन हजार ८९५, झापा-१ चार हजार २६९, झापा-२ चार हजार ४६९, झापा-३ पाँच हजार ६२९, झापा-४ चार हजार ७६८ र झापा- ५ चार हजार २१९ मत बदर भएको छ ।

यसैगरी, संखुवासभामा तीन हजार ७८०, तेह्रथुममा एक हजार ९०९, भोजपुरमा तीन हजार ८७१ र धनकुटामा चार हजार ८८३ मत बदर भएको छ । यसैगरी, मोरङ-१ मा चार हजार ८३७, मोरङ-२ मा छ हजार ५०, मोरङ-३ मा छ हजार ८२७, मोरङ-४ मा पाँच हजार २५६, मोरङ-५ मा सात हजार ८८९ र मोरङ-६ मा पाँच हजार ६४४ मत बदर भएको कार्यालयले जनाएको छ ।

यसैगरी, सुनसरी-१ मा चार हजार ४८९, सुनसरी-२ मा छ हजार २२९, सुनसरी-३ मा पाँच हजार ६११, सुनसरी-४ मा छ हजार ६७४, सोलुखुम्बुमा एक हजार ९९०, खोटाङमा तीन हजार ९२८, ओखलढुंगामा तीन हजार ३५६, उदयपुर-१ मा पाँच हजार ५४७ र उदयपुर-२ मा तीन हजार ६७३ मत बदर भएको छ ।

सबैभन्दा बढी मत बदर मोरङको क्षेत्र नं ५ मा १०.०६ र सबै कम झापा क्षेत्र नं ५ मा ३.९६ प्रतिशत रहेको छ ।

पृष्ठ ४ बाट क्रमशः

## विदेशमा सन्तान...

एमाले नेताहरूले यी क्षेत्रलाई आफ्नो 'कोर एरिया' भन्ने गरेको भए पनि लुलाङबाहेकका वडामा यसपटक कमजोर देखियो भने नेपाली कांग्रेसले मल्कवाङमा सबैभन्दा धेरै मत ल्याए पनि अन्य वडामा निकै खुम्चियो ।

जिल्लाभर विगतमा राम्रो मत ल्याएका दलहरूलाई प्रत्यक्षतर्फ स्वतन्त्र उम्मेदवार र समानुपातिकमा सबै वडामा रास्वपाले अग्रस्थान मत पायो । एमालेका उम्मेदवार श्रेष्ठ, नेकपाका उम्मेदवार अर्जुनबहादुर थापाले आफ्नै वडामा अग्रता लिन सकेनन् भने कांग्रेसका उम्मेदवार कर्णबहादुर भण्डारीले आफ्नो वडा रघुगंगा गाउँपालिकाको भगवती, पिप्ले र कुइनेमंगलेमा अग्रता लिए । भण्डारीको भगवती र पिप्लेको अग्रताले राहत मिले पनि अन्य वडामा कमजोर देखियो ।

यहाँमात्र होइन, धेरै जसो वडामा प्रत्यक्षमा स्वतन्त्र उम्मेदवार पुनले र समानुपातिकमा रास्वपाले अग्रणी मत ल्याउँदै विजयी भए । एमाले र कांग्रेसले आफ्नो गढ मानिरहेकामा मतको रुझान हेर्दा यसपटक दलहरूको अवस्था नराम्रोसँग बिग्रिएको देखिएको म्याग्दी बहुमुखी क्याम्पसका भूतपूर्व क्याम्पस प्रमुख कृष्णबहादुर थापाले बताए । 'यसपटक स्वतन्त्रलाई प्रत्यक्षमा र समानुपातिकमा रास्वपालाई रोजेका मतदातालाई पुरानै लयमा फर्काउन दलहरूले निकै मिहेनत गर्नुपर्ने हुन्छ भने नयाँ दललाई समेत प्राप्त जनमत जोगाउने उत्तिकै चुनौती छ,' थापाले भने ।

पालिका र वडामा आफ्ना जनप्रतिनिधिले नै मतदातालाई आश्वस्त पार्न नसक्दा उम्मेदवारले सोचेजस्तो मत पाउन नसकेका राजनीतिक समीक्षक यादव रिजालले बताए । आशा गरेका मतदान केन्द्रबाटै स्वतन्त्र उम्मेदवार पुनले अग्रता लिएपछि माथि उठ्नै नसक्नेगरी दलहरूले कमजोर नतिजाको सामाना गर्नुपरेको उनको भनाइ थियो ।

यसपटक समानुपातिकमा रास्वपाको र प्रत्यक्षतर्फ स्वतन्त्रबाट विजयी महावीरको 'क्रेज' र त्यसको प्रभावमा दलका उम्मेदवार परेको जानकारहरू बताउँछन् । 'स्वतन्त्रलाई प्रत्यक्षमा हालेर समानुपातिकमा पार्टीलाई मत आउने दलहरूको अपेक्षामाथि नराम्रोसँग कुठाराघात भएको देखियो' रिजालले बताए । दुईवटा प्रदेशसभा सदस्य रहेको नेकपाले त जमानत जोगाउन आवश्यक पर्ने खसेको मतको १० प्रतिशतसमेत ल्याउन सकेन । म्याग्दीमा २०७९ सालमा कांग्रेस म्याग्दीका सभापति खमबहादुर गर्बुजा (खम्बीर) प्रतिनिधिसभा सदस्यमा २४ हजार २१ मत ल्याएर विजयी भएका थिए । उनका प्रतिद्वन्द्वी एमालेका हरिकृष्ण श्रेष्ठले २० हजार १८९ मत प्राप्त गरेका थिए ।

### आफ्नै कामले पहिचान बनाएका महावीर

म्याग्दीबाट स्वतन्त्र उम्मेदवारी दिई अत्यधिक मतले विजयी भएपछि प्रतिनिधिसभा सदस्य बनेका महावीर पुन वैज्ञानिक, अनुसन्धानकर्ता एवं समाजसेवी व्यक्ति हुन् । २०११ माघ ५ गते म्याग्दी जिल्लाको नागी गाउँमा बुबा कृष्ण पुन र आमा पूर्वी पुनको छोराका रूपमा जन्मिएका पुनलाई नचिन्ने सम्भवतः अहिले कोही छैनन् । पुनले सन् २०१२ मा सूचना तथा प्रविधिमार्फत देश विकासका सम्भावनाको खोज र आविष्कार गर्ने उद्देश्यले 'राष्ट्रिय आविष्कार केन्द्र'को स्थापना गरेका थिए ।

हाल चितवनमा बस्दै आएका ७१ वर्षीय उनी राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पनि हुन् । पुनले सन् १९८९ मा पुनले नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गरेका थिए । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री बन्नुअघि उनी वीरगञ्जस्थित कृषि औजार कारखाना सञ्चालनका लागि आफ्नै जीवनीमा आधारित पुस्तक 'महावीर पुनः सम्झना, सपना र अविरल यात्रा' बेच्दै नेपालका विभिन्न ठाउँमा घुमेका थिए ।

पुनले २०५८ देखि २०६४ सालको समयमा पोखरा, काठमाडौंलगायत सहर बजारमा सहजरूपमा कम्प्युटर र इन्टरनेट सुविधा नभएको अवस्थामा म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका विद्यालयहरूमा कम्प्युटर शिक्षाको सुरुआत र ताररहित इन्टरनेट सुविधा विस्तार गरेर संसारकै ध्यानाकर्षण गरेको थियो । पुनले ग्रामीण क्षेत्रमा सूचना प्रविधिको विकास र विस्तार गरेकामा सन् २००७ मा एसियाको नोबल पुरस्कारका रूपमा चिनिने ५० हजार डलरको म्यागासेसे पुरस्कार प्राप्त गरे ।

साथै, पुनले सन् २००२ मा अशोका फेलोसिप, इन्टरनेट हलअफ फेम, नेपाल सरकारबाट भवन कृत्तिरत्नसहित १० लाख रूपैयाँ र गण्डकी प्रदेश सरकारबाट गण्डकी रत्न अवार्ड प्राप्त गरेका छन् । *रासस*


## मलेसियामा रोजगार

| कम्पनी | पूर्व स्वीकृति मिति | LT. No. | चलानी नं. | सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| GOODTIME MANUFACTURING SDN. BHD. | २०८२/११/२८ | 339908 | ६०२५३३५९ | 1 | Factory Operator | 50 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| PLL PACKAGING SDN BHD | २०८२/११/२८ | 340012 | ६०२५३३५७ | 1 | General Worker/Factory Worker | 44 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| VOGEL INDUSTRIES SDN. BHD. | २०८२/११/२८ | 339913 | ६०२५३३६१ | 1 | General Worker/Factory Worker | 23 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| CARTON BOX INDUSTRIAL SDN. BHD. | २०८२/११/२८ | 339986 | ६०२५३३५५ | 1 | Factory Operator | 15 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| LEEKEE INDUSTRIES SDN. BHD. | २०८२/११/२८ | 339914 | ६०२५३३६० | 1 | Factory Operator | 8 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| VSP TECHNOLOGY SDN. BHD. | २०८२/११/२८ | 339912 | ६०२५३३६२ | 1 | Factory Operator | 6 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| QCP MANUFACTURING SDN. BHD. | २०८२/११/२८ | 339911 | ६०२५३३६३ | 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| GAN SENG PRINTING SDN. BHD. | २०८२/११/२८ | 339909 | ६०२५३३५८ | 1 | Factory Operator | 4 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |
| EVER BEST INDUSTRY SDN. BHD. | २०८२/११/२८ | 339910 | ६०२५३३६४ | 1 | Factory Operator | 2 | 0 | 1700 | ६३,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ७ गते (21st March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DREAMLAND MANAGEMENT PVT.LTD.
Tokha-4, Dhapasi, Kathmandu, Nepal +977-1-4965939
Email: info@dreamlandmgmt.com, www.dreamlandmgmt.com
Govt. License 776/065/066

# प्रभाव दैनिक

शनिबार, ३० फागुन २०८२ (Saturday, 14 March 2026)


रूपशाला

### 'कालकट्टी' को गीतमा समीक्षाको स्वर

रघुजी फिल्मसको ब्यानरमा निर्माण हुन लागेको नयाँ नेपाली चलचित्र 'कालकट्टी' को गीत रेकर्डिङ कार्य सम्पन्न भएको छ । गीतमा लोकप्रिय गायिका समीक्षा अधिकारीले स्वर दिएकी छिन् । राजधानीको डिबिएचडी स्टुडियोमा गीतको रेकर्डिङ गरिएको हो । भीम बिस्टको शब्द तथा संगीत रहेको उक्त गीतको संगीत संयोजन (एरेन्ज) एचबिएन किस्मतले गरेका हुन् । अमरदीप सापकोटाको लेखन तथा निर्देशन रहने चलचित्रको छायांकन आगामी चैत महिनाकोबाट सुरू हुने निर्माता रघुनाथ सापकोटाले जानकारी दिए ।




# 'टेम्के द डेस्टिनेशन'को शुभमुहूर्त




■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबार एक कार्यक्रमका बीच नेपाली कथानक चलचित्र 'टेम्के द डेस्टिनेशन' को शुभमुहूर्त सम्पन्न भएको छ ।

धार्मिक विधिअनुसार चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीले चलचित्रको औपचारिक शुभारम्भ गर्नु भएको हो । डिसीले चलचित्रको टिमलाई शुभकामना दिँदै नरिवल फोडी क्ल्याप ईन गरि चलचित्रको शुभमुहुर्त सट लिएका थिए ।

आर.डी.एस. नेपाल प्रस्तुत रहेको यस चलचित्रको निर्देशन देवप्रसाद धिमाल रहेको छ । धिमाल स्वयं निर्माता पनि रहेका छन् भने सह-निर्माताको रूपमा पंकज सरदार संलग्न छन् । चलचित्रमा भोला सुवेदी (प्रणप), राजनजंग थापा र जित शेरचन कार्यकारी निर्माता रहेका छन् ।

चलचित्रको सह-निर्देशकका रूपमा विजयराज भुर्तेल अनुबन्धित भएका छन् भने द्वन्द्व निर्देशन राजु किरातले गर्ने भएका छन् । छायाङ्कनको जिम्मेवारी नरेश ऐयरले सम्हाल्ने निर्माण पक्षले जनाएको छ ।

चलचित्रमा कलाकारहरू शिव श्रेष्ठ, अर्जुन थापा, प्रितिका शर्मा, कृष्णप्रसाद धिताल, रिना गुरुङ, सरु कार्की, श्रीदेव भट्टराई, गोकुल सुवेदी, सावित्रा चिलवाल, सृजना बुढा, अभिषेक फुयाल, रविना दुलाल र विवेक खड्का लगायत रहेका छन् । निर्माण पक्षका अनुसार चलचित्रको मुख्य छायाङ्कन काठमाडौं तथा भोजपुरका विभिन्न स्थानमा गरिनेछ । छायाङ्कन कार्य चैत महिनाको दोस्रो साताबाट सुरु गर्ने तयारी गरिएको छ ।

चलचित्र 'टेम्के द डेस्टिनेशन'ले नेपाली समाजको कथावस्तुलाई रोचक शैलीमा प्रस्तुत गर्ने अपेक्षा गरिएको निर्माण टिमले जनाएको छ । शुभमुहूर्तसँगै चलचित्रको निर्माण प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ । कार्यक्रममा चलचित्र कलाकार संघका निवर्तमान अध्यक्ष रविन्द्र खड्का, गितकार शंकर अधिकारीलगायत चलचित्रकर्मीहरूको उपस्थित रहेको थियो ।

# 'लालीबजार'को गीतमा स्वस्तिमाको छमछमी

**काठमाडौं (प्रस)–** अभिनेत्री स्वस्तिमा खड्का क्युएफएक्स सिभिल मल, सुन्धारा हलमै छमछमी नाचेकी छन् । शुक्रबार आयोजित फिल्म 'लालीबजार' को पहिलो गीत ('मायालाई के दिऊँ म बैना' सार्वजनिक कार्यक्रममा उनी सोही गीत बजाएर छमछम नाचेकी हुन् । उनलाई नृत्यमा बालकलाकार समाइरा थापाले साथ दिएकी थिइन् । अभिनेत्री खड्काको उक्त नाचलाई सबैले ताली र सिटीले साथ दिएका थिए ।

कार्यक्रममा सार्वजनिक गीतमा स्वस्तिमा र समाइरालको अलवा रवीन्द्रसिंह बानियाँ, मुकुन्द श्रेष्ठ र डेब्यु कलाकार विशाल देवकोटाको नृत्य छ । प्रदीप लामाको कोरियोग्राफी गीतमा छ । दीपिका बयाम्बु मगर र खेम सेञ्चुरी स्वर रहेको गीमा संगीत खेम सेन्चुरीकै छ भने शब्द रमेश बिजीले लेखेका हुन् ।

यम थापाको कथा तथा निर्देशन रहेको फिल्मको पटकथा र संवाद निर्देशक थापा र प्रदीप भट्टराईले संयुक्त रूपमा तयार गरेका हुन् । फिल्ममा स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, प्रेम पाण्डे, आशा पौडेल, गोविन्द सुनार, आभा अर्याल, तारा शर्मा, रमेश वादी, सरस्वती अधिकारीलगायत कलाकारहरूको अभिनय छ । यसै फिल्ममार्फत विशाल देवकोटा र प्रसंशा सुवेदी अभिनयमा डेब्यु गर्दैछन् ।

फिल्मको निर्माता रवीन्द्र सिंह बानियाँ र म्याक्स दिपेश खत्री हुन् । कार्यकारी निर्मातामा प्रदीप भट्टराई हुन् । फिल्ममा द्वन्द्व निर्देशक सम्राट बस्नेत, छायांकन निर्देशक सुशन प्रजापती, सम्पादक मित्रदेव गुरूङको छ । कार्यक्रममा अभिनेत्री खड्काले नियमित भन्दा फरक भूमिका निर्वाह गरेकोले फिल्म दर्शकको रोजाइमा पर्ने बताइन् । फिल्म नयाँ वर्षको वैशाख १८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउनेछ ।

# 'एक मुट्ठी बादल' नेपालमा जेठ १ मा प्रदर्शनमा हुने

■ प्रभाव संवाददाता

**काठमाडौँ–** नेपाली फिचर फिल्म एक मुठी बादल: माई सेयर अफ स्काईले आउँदो वर्षको जेठ १ मा प्रदर्शन हुने भएको छ । निर्माण कम्पनी गौथली इन्टरटेनमेन्टले अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर मे १५ अर्थात् जेठ १ गतेलाई फिल्मको प्रदर्शन मिति तय गरेको हो । चलचित्रका लगभग सम्पूर्ण विधामा महिलाको नेतृत्व रहेको फिल्मलाई गौंथली इन्टरटेनमेन्ट र मन प्रडक्सन मिलेर निर्माण गरेका हुन् । फिल्मलाई नेपालमा आरआर फिल्म्सले वितरण गर्नेछ ।

तीन पुस्तादेखिको भावनात्मक उतारचढावलाई प्रस्तुत गर्ने चलचित्रले द्रुत गतिमा परिवर्तनशील नेपाली समाजको पृष्ठभूमिमा परिवारका सदस्यबिचको अपेक्षा, त्याग र व्यक्तिगत आकांक्षालाई रोचक शैलीमा प्रस्तुत गर्नेछ ।

चलचित्रमा सहारा शर्माको लेखन तथा निर्देशन रहेको छ । अमेरिकाको न्युयोर्क बस्दै आएकी सहाराले यसअघि 'चेजिङ रेन्बोज' शीर्षकको चलचित्र निर्देशन गरेकी थिइन् जुन चलचित्र २०१३ मा भएको काठमाडौं अन्तर्राष्ट्रिय माउन्टेन फिल्म फेस्टिभलको ओपनिङ चलचित्र थियो । फिक्सन फिचरका साथ महोत्सवको उद्घाटन गर्ने सबैभन्दा कान्छी महिला निर्देशक बनेकी सहाराले यही महोत्सवको नेपाली पनोरोमा तर्फको शीर्ष पुरस्कार पनि जितेकी थिइन् ।

'एक मुठी बादल'ले पनि थुप्रै अन्तर्राष्ट्रिय उपलब्धि हासिल गरेको छ । चलचित्रले युरोपियन पोस्ट-प्रोडक्सन ग्रान्ट ह्युबर्ट बल्स फन्ड प्राप्त गर्ने महिला निर्देशक निर्देशित पहिलो नेपाली चलचित्रको रूपमा इतिहासमा नाम लेखाएको छ । योबाहेक चलचित्रले विश्वका प्रतिष्ठित ल्याबसँग सहकार्यको अवसर पाएको थियो । २०२१ मा निर्माता अभिमन्यु दीक्षितले भारतको एनएफडिसी फिल्म बजारमा रोटरड्याम ल्याब अवार्ड प्राप्त गरेका थिए । यसैगरि चलचित्रले फ्रान्सको कान फिल्म फेस्टिभलमा मार्चे डु फिल्मसँग सम्बन्धित कार्यक्रमहरू, स्विट्जरल्याण्डको लोकार्नो ओपन डोर्स कन्सल्टेन्सी र बंगलादेशको वेस्ट मिट्स इस्ट स्क्रिनप्ले ल्याबमा सहभागिता जनाएको थियो ।




यो फिल्मलाई अभिमन्यु दीक्षितले निर्माण गरेका हुन् भने निकुन श्रेष्ठ कार्यकारी निर्माताको रूपमा रहेका छन्। निर्माण टोलीमा जर्मन निर्माता सारा फाजिलात, सामीप्य राज तिमल्सेना र अनुप पौडेल रहेका छन्। जर्मनमा बसोबास गर्ने फाजिलातले आफ्नो कम्पनी थर्ड कल्चर किड्स मार्फत् युरोप र एसियाभरि अन्तर्राष्ट्रिय स्तरमा केन्द्रित चलचित्रहरू र उदीयमान चलचित्र निर्माताहरूलाई सहयोग गर्दै आएकी छिन् ।

चलचित्रमा आँचल शर्मा, निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला, सहयोग अधिकारी, गौरव विष्ट, अविरलप्रताप अधिकारी आदि कलाकारको अभिनय रहेको छ ।

आँचल शर्माले माइली चरित्रको रूपमा केन्द्रीय भूमिका निर्वाह गरेकी छिन् भने अनुभवी अभिनेत्री निशा शर्मा तीन दशकभन्दा बढी समयपछि चलचित्र अभिनयमा फर्किएकी छिन् । चलचित्रमा उषा रजक आँचलको दिदीको भूमिकामा रहेकी छिन् ।

चलचित्रको निर्माणमा अन्तर ाष्ट्रिय चलचित्रकर्मीको पनि सहभागिता रहेको छ । चलचित्रको छायांकन भियतनामकी लिन्ह डान गुयेन फानले गरेकी हुन् जसले फिचर फिल्म छायांकन गर्ने पहिलो भियतनामी महिलाको रूपमा इतिहास रचेकी थिइन् र यो उनको सातौं फिचर फिल्म हो । प्रडक्सन डिजाइन भारतकी यशस्वी सभरवालले गरेकी हुन् जसको 'अल वि इम्याजिन एज लाइट'को कामले कान फिल्म फेस्टिभलमा ग्रान्ड प्रिक्स जितमा योगदान पुऱ्याएको थियो। सम्पादन भारतीय सम्पादक दीपा भाटियाद्वारा गरिएको हो, जो 'तारे जमिन पर'मा आफ्नो कामको लागि अन्तर्राष्ट्रिय रूपमा परिचित छिन् । चलचित्रको कलर ग्रेडिङ थाइल्यान्डको ह्वाइट लाइटले गरेको हो ।

नेपालबाट फिल्मका विधागत प्रमुखहरूमा अग्रणी ठकुरी झा (कला), जानकी कडायत (भेषभूषा डिजाइन), कीर्ति जोशी (मेकअप) समावेश छन् । ची मुसी ची चलचित्रकी निर्देशक मर्णा जेम्सले फिल्मको प्रमुख सहायक निर्देशकको रूपमा काम गरेकी छिन् भने उनलाई सहायकको रूपमा शर्मिला आले र मीरा खड्काले सघाएका छन् ।

रंगशाला

# खेल पर्यटन प्रवर्द्धन प्राथमिकतामा : *मुख्यमन्त्री आचार्य*



■ प्रभाव संवाददाता

**लुम्बिनी –** लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन धार्मिक, सांस्कृतिक तथा खेल पर्यटनलाई प्राथमिकतामा राखेर प्रदेश सरकारले योजना निर्माण गरिरहेको बताएका छन् ।

प्रदेश राजधानीस्थित राप्ती गाउँपालिकाको नवौं स्थापना दिवसका अवसरमा शुक्रबार देविकोटमा आयोजित देविकोट दर्शन दौड प्रतियोगिताको उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले धार्मिक, सांस्कृतिक तथा खेल पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकाससँगै सामाजिक विकासलाई पनि प्राथमिकतामा राखिएको स्पष्ट पारे । उनले देविकोट क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्व उल्लेख गर्दै यहाँ पर्यटकहरूको आवागमन बढाउन आवश्यक पूर्वाधार विकासमा प्रदेश सरकारले ध्यान दिने बताए ।

लुम्बिनी प्रदेशका युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डेले खेललाई पर्यटनसँग जोडेर प्रदेश सरकारले कार्यक्रम सञ्चालन गरिरहेको बताए । प्रदेशका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य इन्द्रजित थारूले प्रदेश सरकार गठनपछि दुर्गम बस्तीहरूमा आधारभूत विकासका पूर्वाधार विस्तार भएको बताए । राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्टले कार्यशैली परिवर्तन गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइने बताए । स्थापना दिवसका अवसरमा आयोजित प्रथम खुला पुरुष तथा महिला क्रस कन्ट्री दौड प्रतियोगितामा पुरुषतर्फ डोल्पाका अर्ज'न बुढा र महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपाने प्रथम भएका छन् ।

प्रतियोगितामा अर्ज'न बुढाले २५ मिनेट ४४ दशमलव सात सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गरे । जुम्लाका चन्द्र रावत ३४ मिनेट ४१ दशमलव ६ सेकेन्डका साथ दोस्रो तथा जुम्लाकै युवराज बुढा ३६ मिनेट ५१ दशमलव नौ सेकेन्डमा तेस्रो स्थानमा रहे ।

त्यस्तै, तुलसीपुरका विशालकुमार महत ४० मिनेट ०४ दशमलव दुई सेकेन्डमा चौथो, गोरखाका सञ्जय श्रेष्ठ ४१ मिनेट १७ दशमलव तीन सेकेन्डमा पाँचौं र दार्च'लाका अक्कल पाल ४१ मिनेट १७ दशमलव पाँच सेकेन्डमा छैटौं स्थानमा रहे । महिलातर्फ कर्णालीकी पूर्णलक्ष्मी न्यौपानेले ४८ मिनेट ०३ दशमलव ०१ सेकेन्डमा दौड पूरा गर्दै पहिलो स्थान हासिल गरिन् । कर्णालीकी कल्पना बुढा ५० मिनेट ३९ दशमलव ०३ सेकेन्डमा दोस्रो तथा जुम्लाकी सन्देवा बुढा ५२ मिनेट २४ दशमलव दुई सेकेन्डका साथ तेस्रो स्थानमा रहे ।

जुम्लाकी सुन्तली पाण्डे ५८ मिनेट १८ दशमलव एक सेकेन्डमा चौथो, सुदूरपश्चिमकी सरस्वती भट्टराई ५८ मिनेट ०६ दशमलव चार सेकेन्डमा पाँचौं र जुम्लाकी अन्तिमा बुढा ५९ मिनेट २१ दशमलव ६ सेकेन्डमा छैटौं स्थानमा रहे ।

# हिमालयन क्वीन्स ग्याम्बिटको दोस्रो संस्करण आइतबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** हिमालयन क्वीन्स ग्याम्बिटको दोस्रो संस्करण आइतबार काठमाडौं ११ स्थित थापाथली चेस पार्कमा हुने भएको छ । विश्व चेस महासंघको 'फिडे वुमेन्स चेस म्याराथन' अन्तर्गतको अफिसियल प्रतियोगिताको रूपमा हुने हिमालयन क्वीन्स ग्याम्बिटमा एक सय बढी खेलाडीले प्रतिस्पर्धा गर्ने बताइएको छ ।

आयोजक हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिशा खम्बू भन्छिन्, 'फिडे कमिसन फर वुमेन्स चेससँगको पार्टनरसिपमा मार्च महिनामा विश्वभरि प्रतियोगिता भइरहेको छ । त्यसै अन्तर्गत् नेपालको एकमात्र प्रतियोगिता हामी आयोजना गर्दैछौं । चेसमा नयाँलाई अवसर दिन अनरेटेड खेलाडीको उत्सवको रूपमा सञ्चालन हुने एक दिने प्रतियोगितामा करिब एक सय खेलाडी सहभागि हुनेछन् ।' बिहीबारसम्म ५० खेलाडी दर्ता भइसकेको पनि उनले बताइन् ।

नेपालमा महिला खेलाडीले मात्रै सहभागि हुन पाउने तेस्रो प्रतियोगिता आयोजनाको लागि एकेडेमीले प्रप्स नेपालसँग सहकार्य गरेको छ । सहकार्य सम्झौतामा एकेडेमीकी संस्थापक खम्बू र प्रप्स नेपालकी प्रमुख दीपा श्रेष्ठले हस्ताक्षर गरेका छन् । श्रेष्ठले भनिन्, 'नेपालमा महिला चेसलाई उत्सवको रूपमा मनाउने प्रयासमा मूर्तरूप दिन हिमालयन चेस एकेडेमीसँग सहकार्य गरेका छौं । हामी क्वीन्स ग्याम्बिटलाई भव्य बनाउनेछौं ।'




गत वर्ष आयोजित पहिलो संस्करणमा पाँच वर्षदेखि ६७ वर्षसम्मका एक सय ४२ अनरेटेड खेलाडीले प्रतिस्पर्धा गरेका थिए, जुन संख्या नोली महिला चेसकै कीर्तिमान हो । यसपाली शीर्ष आठसँगै यू-७, यू-१०, यू-१३ यू-१६ र ५० वर्षमाथि उमेर समूहका विजेतालाई पनि पुरस्कार दिइने छ । उत्कृष्ट तीन स्कुल र पाँच खेलाडीलाई स्पेसर अवाड्र्स पनि प्रदान गरिनेछ ।

शनिबार (१४ मार्च) मा दोस्रो वार्षिकोत्सव मनाउने तयारीमा रहेको देशकै पहिलो चेस एकेडेमीले ब्लिट्ज, र्यापिड, क्लासिकल चेस र पजल सोल्भिङ कन्टेस्ट गरी १३ प्रतियोगिता सफलतापूर्वक आयोजना गरिसकेको छ ।

एकेडेमीले काठमाडौं ११ थापाथलीस्थित आफ्नै हलमा फिडे मास्टर रिजेन्द्र राजभाण्डारी, इन्टरनेसनल मास्टर अतनु लहिरी (कमनवेल्थ चेस च्याम्पियन), याइशाष यासिर खम्बूसहितले चार वर्षदेखिका बालबालिकासहितलाई नियमित प्रशिक्षण दिदै आएको छ । उसले इभेन्ट्स म्यानेजमेन्टसँगै अनलाइन क्लास पनि सञ्चालन गरिरहेको छ ।




**भारतको नयाँ दिल्लीमा खाना पकाउन प्रयोग हुने एलपिजी ग्यास अभावको विरोधमा शुक्रबार भएको प्रदर्शनको क्रममा विपक्षी कांग्रेस पार्टीका कार्यकर्तालाई हटाउँदै प्रहरी ।** *तस्बिर: एपी*

# छ वर्षपछि चीन–उत्तर कोरिया रेल सेवा पुनः सुरू

**बेइजिङ–** करिब छ वर्षपछि उत्तर कोरिया र चीनबीचको रेल सेवा पुनः सञ्चालनमा आएको छ । प्योङयाङबाट छुटेको रेल करिब २३ घण्टाको यात्रापछि शुक्रबार बिहान बेइजिङ आइपुगेको छ, जसले महामारीका कारण बन्द भएको दुई देशबीचको रेल आवागमन पुनः सुरु भएको संकेत दिएको छ ।

प्योङयाङबाट प्रस्थान गरेको के२८ नम्बरको रेल शुक्रबार बिहान ८:३७ बजे (००३७ जिएमटी) बेइजिङ आइपुगेको बताइएको छ । कोरोना महामारीका बेला कडा सीमा बन्द गरिएपछि सन् २०२० देखि पूर्वी एसियाका यी दुई छिमेकीबीच रेल सेवा स्थगित भएको थियो ।

चीन उत्तर कोरियाको सबैभन्दा ठूलो व्यापारिक साझेदारका रूपमा चिनिन्छ । त्यस्तै पृथक मानिने आणविक राष्ट्र उत्तर कोरियाका लागि चीन कूटनीतिक, आर्थिक तथा राजनीतिक समर्थनको महत्त्वपूर्ण स्रोतसमेत मानिन्छ ।

रेल सेवा पुनः सुरु हुनुलाई उत्तर कोरियामा विदेशीहरूको सीमित पहुँच पुनः खुल्न थालेको संकेतका रूपमा पनि हेरिएको छ । हालसम्म उत्तर कोरियाले सीमित व्यवस्थाअन्तर्गत केही रूसी नागरिकबाहेक अन्य विदेशी पर्यटकका लागि कडा प्रतिबन्ध लगाएको पर्यटन एजेन्सीहरूले बताएका छन् ।



दक्षिण कोरियाको योन्हाप समाचार एजेन्सीका अनुसार बिहीबार उक्त रेल चीन र उत्तर कोरियालाई जोड्ने यालु नदीमाथिको चीन–कोरिया मैत्री पुल पार गरेको देखिएको थियो । यही नदीले उत्तर कोरियाको सिनुइजु सहर र चीनको उत्तर पूर्वी सहर डाण्डोङलाई छुट्याउँछ ।

बिहीबार बेइजिङबाट प्योङयाङतर्फ प्रस्थान गरेको के२७ नम्बरको रेलमा सवार एएफपीका पत्रकारहरूले उत्तर कोरिया जाने यात्रुका लागिमात्र केही डिब्बा आरक्षित गरिएको देखेको बताएका छन् । ती डिब्बाहरू डाण्डोङमा अर्को रेलसँग जोडेर सीमापार सिनुइजुतर्फ पठाइन्छ, जसबारे टुर एजेन्सीहरूले जानकारी दिएका छन् ।

सिनुइजु पुगेपछि ती डिब्बाहरू उत्तर कोरियाली घरेलु रेलका अन्य डिब्बासँग जोडेर प्योङयाङतर्फ जाने तेस्रो रेलमार्फत अन्तिम यात्रामा पठाइने व्यवस्था गरिएको बताइएको छ । *रासस⁄एएफपी*

# ऊर्जा सुरक्षामा चीनको कडाइ



**बेइजिङ–** मध्यपूर्वमा चर्किएको युद्धले विश्व ऊर्जा बजारमा अस्थिरता बढिरहेका बेला चीनले आफ्नो ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै परिस्कृत तेल उत्पादनको निर्यातमा कडाइ गरेको समाचार सार्वजनिक भएको छ । ब्लुमबर्ग न्युजका अनुसार बेइजिङले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता रिफाइण्ड तेल उत्पादनको विदेश पठाउने प्रक्रिया सीमित बनाउन थालेको छ ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र मानिने चीन कच्चा तेलको सबैभन्दा ठूलो आयातकर्तामध्ये एक हो । चीनका विशाल रिफाइनरी उद्योगले मुख्यतया घरेलु बजारलाई आपूर्ति गर्ने भए पनि उसले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता परिस्कृत तेल उत्पादन विदेश पनि पठाउँदै आएको छ । आधिकारिक भन्सार तथ्यांकअनुसार गत वर्ष चीनले करिब पाँच करोड ८० लाख टन रिफाइण्ड तेल उत्पादन निर्यात गरेको थियो ।

तर मध्यपूर्वमा बढ्दो युद्ध तनावका कारण अहिले चिनियाँ तेल रिफाइनरीहरूले पहिले नै सहमति भएका केही निर्यात कार्गोहरू रद्द गर्न थालेका छन् । ब्लुमबर्ग न्युजले यस विषयमा जानकारी राख्ने तर पहिचान नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै यस्तो जानकारी दिएको हो ।

रिपोर्टअनुसार पछिल्लो निर्देशन अघिल्लो हप्ता दिइएको मार्गनिर्देशनभन्दा अझ कडा मानिएको छ । त्यसबेला ढुवानी अस्थायीरूपमा रोक्ने सल्लाह दिइएको भए पनि त्यसलाई अनिवार्य निर्देशनको रूपमा बुझिएको थिएन । बिहीबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा यस विषयमा सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले आफू यस रिपोर्टबारे जानकार नभएको बताए ।

इरानमा अमेरिका र इजरायलबीच सुरु भएको युद्धपछि विश्व ऊर्जा बजार निकै अस्थिर बनेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बिहीबार प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ । खाडी क्षेत्रका केही राज्यमा तेहरानले गरेको आक्रमणका कारण ऊर्जा आपूर्ति अवरुद्ध हुने चिन्ता बढेको छ ।

यस अवस्थालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट कच्चा तेल ठूलो परिमाणमा बजारमा ल्याउने घोषणा गरेको थियो । तर चीन उक्त एजेन्सीको पूर्णसदस्य नभएकाले संयुक्तरूपमा गरिएको त्यस्तो निर्णयमा सहभागी हुन बाध्य छैन । त्यसैबीच मध्यपूर्वबाट ऊर्जा आपूर्ति प्रभावित हुने चिन्ता अझै कम भएको छैन । विश्व कच्चा तेल आपूर्तिको झण्डै पाँचौं भाग ओहोरदोहोर गर्ने होर्मुज जलडमरूमध्य अहिले प्रभावकारीरूपमा बन्दजस्तै अवस्थामा पुगेको छ ।

विश्लेषण फर्म क्लेपरका अनुसार गत वर्ष चीनले समुद्री मार्गबाट आयात गरेको कूल कच्चा तेलमध्ये आधाभन्दा बढी हिस्सा मध्यपूर्वबाट आएको थियो । यद्यपि, विश्लेषकहरूका अनुसार चीनले वर्षौंदेखि रणनीतिक रूपमा ठूलो तेल भण्डार तयार पार्दै आएकाले छोटो अवधिमा सम्भावित आपूर्ति अवरोध सामना गर्न सक्ने स्थिति छ ।

क्लेपरको अनुमानअनुसार चीनसँग करिब एक अर्ब २० करोड ब्यारेल बराबरको स्थलमा रहेको कच्चा तेल भण्डार छ । यो परिमाण समुद्री मार्गबाट हुने आयातका आधारमा करिब ११५ दिनका लागि पर्याप्त मानिन्छ ।

यसअघि कारखाना स्तरमा बढ्दो मुद्रास्फीति देखिएपछि बेइजिङले सन् २०२१ मा आफ्नो रणनीतिक तेल भण्डारबाट केही मात्रा बजारमा ल्याउन अनुमति दिएको थियो । त्यो निर्णय राष्ट्रिय खाद्य तथा रणनीतिक भण्डार प्रशासनले घोषणा गरेको थियो । तर हालको विश्व ऊर्जा बजारको उथलपुथलबीच उक्त निकायले अहिलेसम्म यस्तै नयाँ कदम घोषणा गरेको छैन । विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले यसै साता चीनले आफ्नो ऊर्जा सुरक्षाको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने बताए । *रासस⁄एएफपी*

# चीनले इरानी स्कुल आक्रमण पीडितलाई दुई लाख डलर सहयोग दिने

**बेइजिङ–** चीनले मध्यपूर्व युद्धको सुरुआतमा इरानको एक विद्यालयमा भएको घातक क्षेप्यास्त्र आक्रमणमा मारिएका विद्यार्थीका अभिभावकलाई दुई लाख डलर मानवीय सहयोग दिने जनाएको छ ।

इरानले अमेरिका र इजरायलमाथि युद्धको पहिलो दिन दक्षिण इरानस्थित उक्त विद्यालयमा आक्रमण गरेको आरोप लगाएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार आक्रमणमा मारिएका कम्तीमा १६५ जनाको अन्त्येष्टि गरिएको थियो । घटनाको स्वतन्त्र पुष्टि भने उपलब्ध छैन र अमेरिकी सेनाले अनुसन्धान जारी राखेको छ ।

बेइजिङको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले विद्यालय र बालबालिकामाथि हुने आक्रमण अन्तर्राष्ट्रिय मानवीय कानुनको 'गम्भीर उल्लंघन' भएको बताए । उनले भने, 'यो मानव विवेक र नैतिकताको आधारलाई उल्लंघन गर्ने कार्य हो । चीन यस कठिन समयमा इरानी जनतालाई सहयोग गर्न तयार छ ।'

चिनियाँ रेड क्रस सोसाइटीले उक्त सहयोग इरानी रेड क्रिसेन्टमार्फत मृत विद्यार्थीका अभिभावकलाई 'समवेदना र क्षतिपूर्ति' स्वरूप उपलब्ध गराउने छ । न्युयोर्क टाइम्सले अमेरिकी सैन्य अनुसन्धानमा अमेरिकी टोमहाक मिसाइलले गल्तीले विद्यालयमा प्रहार गरेको रिपोर्ट प्रकाशित गरेको छ । इजरायलले यस आक्रमणसँग कुनै सम्बन्ध नरहेको बताएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरुमा इरान आफैँ जिम्मेवार हुन सक्ने सुझाव दिएका थिए भने पछि 'म अनुसन्धानले देखाउने नतिजाअनुसार प्रतिक्रिया दिने छु' भन्दै थप स्पष्टता दिएका थिए । *रासस⁄एएफपी*

# मध्यपूर्व युद्ध: आक्रमण र प्रतिआक्रमण तीव्र

**पेरिस–** इजरायल, इरान र उनीहरूका क्षेत्रीय सहयोगीहरूबीचको युद्ध थप फैलिँदै जाँदा मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण र प्रतिआक्रमण तीव्र भएका छन् । पछिल्ला घटनाक्रममा इरानमा व्यापक हवाई प्रहार, खाडी क्षेत्रका सहरहरूमा विष्फोट, इराक र लेबनानमा झडप तथा विभिन्न देशमा ड्रोन अवरोधका घटनाहरू सार्वजनिक भएका छन् ।

इरानको रिभोलुसनरी गार्डस्‌ले देशभित्र सम्भावित विरोध प्रदर्शनबारे कडा चेतावनी दिँदै यदि प्रदर्शन भयो भने आफ्नो प्रतिक्रिया जनवरीको दमन अभियानभन्दा पनि 'अझ बलियो' हुने बताएको छ । जनवरीमा भएको विरोध प्रदर्शनको दमनका क्रममा हजारौं मानिस मारिएको रिपोर्ट गरिएको थियो ।

यसैबीच उत्तरी ओमानको एक औद्योगिक क्षेत्र नजिक सुरक्षा बलले ड्रोन रोक्ने क्रममा भएको घटनामा दुई जनाको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । इरानको राजधानी तेहरानमा पनि ठूलो विष्फोट भएको खबर आएको छ । असामान्य रूपमा शक्तिशाली उक्त विष्फोटका कारण राजधानीको उत्तर र केन्द्रका धेरै किलोमिटर टाढासम्म रहेका घरहरू हल्लिएको एएफपीका पत्रकारहरूले बताएका छन् ।

इजरायली सेनाले भने पछिल्लो २४ घण्टामा पश्चिमी र मध्य इरानमा रहेका २०० भन्दा बढी लक्ष्यमा आक्रमण गरेको जनाएको छ । ती लक्ष्यहरूमा मिसाइल प्रक्षेपण प्रणाली, हवाई रक्षा संयन्त्र तथा अन्य सैन्य संरचनाहरू समावेश रहेको बताइएको छ ।

यसै क्रममा साउदी अरेबियाले आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेका धेरै ड्रोनहरू अवरोध गरेर खसालेको जनाएको छ । रक्षा मन्त्रालयका अनुसार रियादको कूटनीतिक क्षेत्रमा रहेका विदेशी दूतावासहरू लक्षित गरेर आएको एउटा ड्रोन पनि रोकिएको थियो । मन्त्रालयका प्रवक्ताले सामाजिक सञ्जाल एक्समार्फत साउदी हवाई क्षेत्रमा प्रवेश गरेपछि १२ ड्रोन नष्ट गरिएको र कम्तीमा १६ अन्य ड्रोन पनि खसालिएको जानकारी दिएका छन् ।

लेबनानको राजधानी बेरुतमा पनि इजरायलले इरान समर्थित समूह हिजबुल्लाहसँग सम्बन्धित व्यक्तिलाई लक्षित गरी हवाई आक्रमण गरेको जनाएको छ । हिजबुल्लाहले आफ्ना आक्रमणहरू रोक्ने संकेत नदिएपछि इजरायलले लेबनानमा सैन्य कारबाही विस्तार गर्ने चेतावनी दिएको छ ।

खाडी क्षेत्रको प्रमुख वित्तीय केन्द्र दुबईमा पनि विष्फोटको घटना भएको छ । मध्य दुबईस्थित एउटा भवनमा अवरोध गरिएको आक्रमणका भग्नावशेष ठोक्किँदा विष्फोट भएको सरकारी मिडिया कार्यालयले जनाएको छ । एएफपीका संवाददाताहरूले सहरको केन्द्रमा ठूलो धुवाँको बादल देखिएको बताएका छन् । तेहरानका केही भागमा अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेको इरानको फार्स समाचार एजेन्सीले जनाएको छ । ती विष्फोटका कारण राजधानीका विभिन्न स्थानका घरहरू हल्लिएको बताइएको छ ।

यता इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा भएको आक्रमणमा एक फ्रान्सेली सैनिक मारिएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले यो युद्ध सुरु भएपछि फ्रान्सेली सेनाको पहिलो मृत्यु भएको बताएका छन् । युद्ध



सुरु भएदेखि इरान समर्थक गुटहरूले अन्तर्राष्ट्रिय जिहादी विरोधी गठबन्धनसँग सम्बन्धित विदेशी बलहरू रहेको क्षेत्रमा बारम्बार आक्रमण गर्दै आएका छन् ।

इजरायलतर्फ पनि नयाँ क्षेप्यास्त्र प्रहार भएको छ । इजरायली सेनाका अनुसार इरानले देशतर्फ नयाँ मिसाइल प्रहार गरेको छ, जसका कारण उत्तरी इजरायलमा दुई जना घाइते भएका छन् । यसैबीच पश्चिमी इराकमा अमेरिकी केसी–१३५ हवाई इन्धन भर्ने विमान दुर्घटनाग्रस्त भएको अमेरिकी सेनाले जनाएको छ । सो घटनामा संलग्न अर्को विमान भने सुरक्षित अवतरण गर्न सफल भएको बताइएको छ । अमेरिकी सेनाको सेन्ट्रल कमाण्डका अनुसार दुर्घटना शत्रुतापूर्ण वा आफ्नै पक्षको गोलीबारीका कारण भएको होइन ।

इरानका नयाँ सर्वोच्च नेता मोजताबा खामेनीले पनि इरानी हताहतको बदला लिने प्रतिबद्धता व्यक्त गरेका छन् । उनका बुबा अयातोल्लाह अली खामेनी र परिवारका अन्य सदस्यहरू फेब्रुअरी २८ मा भएको प्रारम्भिक आक्रमणमा मारिएका थिए । राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा उनले इरानले यस युद्धमा भएका क्षतिको बदला लिने बताए । केही इरानी अधिकारीका अनुसार उक्त आक्रमणमा मोजताबा खामेनी स्वयं पनि घाइते भएका थिए तर उनको अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको युद्ध 'धेरै तीव्र गतिमा अघि बढिरहेको' बताएका छन् । ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै उनले अमेरिकी सेना 'अतुलनीय' रहेको दाबी गरेका छन् ।

इजरायली सेनाले तेहरानमा इरानको रिभोलुसनरी गार्डस्‌सँग सम्बन्धित बासिज अर्धसैनिक बलले स्थापना गरेका चौकीहरूमा पनि आक्रमण गरेको जनाएको छ । अधिकारीहरूको नियन्त्रण कमजोर पार्ने रणनीतिअन्तर्गत ती लक्ष्यहरूमा प्रहार गरिएको बताइएको छ ।

यसै क्रममा इराक–सिरिया सीमाक्षेत्र नजिक तथा राजधानी बगदाद आसपास भएको हवाई आक्रमणमा कम्तीमा ११ इरान समर्थित लडाकू मारिएको सुरक्षा अधिकारीहरूले बताएका छन् । इराकी अधिकारीहरूले हसद अल–शाबीसम्बद्ध आधारहरूमा गरिएको उक्त आक्रमणको निन्दा गरेका छन् । उक्त समूह पूर्वअर्धसैनिक संरचना भए पनि हाल इराकको नियमित सुरक्षाबलमा समाहित भइसकेको छ, जसमा इरान समर्थित सशस्त्र गुटहरू पनि समावेश छन् । *रासस⁄एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – ३१४२०० | प्रति तोला – ० | प्रति तोला – ५४९५



**हुरीले सोत्तर** | झरीसहित आएको हावाहुरीले झापाको कचनकवल र झापा गाउँपालिकालगायतका क्षेत्रको मकै बालीमा पुर्‍याएको क्षति । *तस्बिर: राजकुमार ओली/रासस*

# चालु पुँजी कर्जा मार्गदर्शन संशोधन

## कर्जा पुनःतालिकीकरण गर्न सकिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले चालु पुँजी कर्जासम्बनधी मार्गदर्शन, २०७९ परिमार्जन गरेको छ । यसअघि बैंक तथा वित्तीय संस्थाले 'प्रोक्युरमेन्ट वर्किङ क्यापिटल निड'का लागि तीन देखि १० वर्षको कर्जा प्रदान गर्दै आएकोमा नयाँ व्यवस्थाअनुसार आवधिक प्रकृतिको कर्जा प्रदान गर्न'पर्नेछ । यस्तो आवधिक कर्जाको भुक्तानी अवधि आफ्नो चालु पुँजी कर्जा नीति बमोजिम निर्धारण गर्न'पर्ने व्यवस्था संशोधित कार्यविधिमा राखिएको छ ।

यसअघि प्रवाह भएको 'प्रोक्युरमेन्ट वर्किङ क्यापिटल निड'को आवधिक प्रकृतिको कर्जा ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा २०८३ असार मसान्तसम्ममा एक पटकका लागि मात्र पुनर्तालिकिकरण गर्न सकिने व्यवस्था ल्याइएको छ । यसरी गरिएको कर्जा पुनर्तालिकिकरणलाई कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्थाको प्रयोजनका लागि पुनर्तालिकिकरण भएको नमानिने उल्लेख छ ।

त्यस्तै, राष्ट्र बैंकले एकीकृत निर्देशन २०८२ मा संशोधन गर्दै महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायमा प्रवाहित कर्जालाई पनि पुनःसंरचना वा पुनर्तालिकीकरण गर्न सकिने व्यवस्था गरेको छ ।

'यो शीर्षकमा प्रवाहित कर्जाको हकमा ऋणीको अनुरोधमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यको आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी देहायका शर्तको अधिनमा रही कर्जाको पुनर्रतालिकीकरण वा पुनरसंरचना गर्न सकिनेछ', संशोधित एकीकृत निर्देशनमा भनिएको छ ।

यस्तो पुनरर्तालिकीकरण र पुनःसंरचना २०८३ असार मसान्तभित्र गरिसक्नु पर्नेछ । यसरी पुनरर्तालिकीकरण वा पुनःसंरचना गर्दाको समयमा कर्जाहरूलाई जुन वर्गमा वर्गीकरण गरिएको छ सोही वर्गमा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था कायम गर्न'पर्ने पनि राष्ट्र बैंकले जनाएको छ ।

# ग्यासलगायत पेट्रोलियम पदार्थको आपूर्ति सुनिश्चित गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय मानव अधिकार आयोगले पेट्रोलियम पदार्थको वितरण सहज बनाउन सबै उपाय अवलम्बन गर्न सरकारलाई निर्देशन दिएको छ ।

आयोगका उपसचिव श्यामबाबु काफ्लेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा कृत्रिम अभाव पैदा गरेको पाइएमा कानुनी दायरामा ल्याउन, अनावश्यक भण्डारण गर्ने प्रवृत्तिलाई नियमन गर्नेतर्फ आवश्यक पहल गर्न र अत्यावश्यकीय वस्तुहरूको आपूर्तिको व्यवस्था अविलम्ब मिलाइ उपभोक्ताको अधिकार संरक्षण गर्न आयोग नेपाल सरकारलाई निर्देशन गरिएको छ ।

आयोगले नेपाल आयल निगम, वाणिज्य विभाग, नेपाल खाद्य व्यवस्था कम्पनी लिमिटेडलगायत ग्यास बिक्री वितरण गर्ने डिपोहरू समेतको अनुगमन तथा अवलोकन गरेको छ ।

'अनुगमन तथा अवलोकनबाट नेपाल पेट्रोलियम पदार्थको आपूर्तिका लागि मुख्यतः आयातमा निर्भर रहेको छ, यसका लागि आयात हुनुपर्ने कच्चापदार्थ साविकबमोजिम नियमित रूपमा नै आपूर्ति भइरहेको छ', विज्ञप्तिमा भनिएको छ, 'केही ग्यास कम्पनीहरूको ढुवानी व्यवस्थापनका कारण आपूर्तिमा केही कमी भए पनि विभिन्न सञ्चारमाध्यममा ग्यासको समग्र आपूर्ति व्यवस्थापनमा नै समस्या भएको भन्ने सन्देश प्रवाह हुँदा उपभोक्ताले आवश्यकताभन्दा बढी भण्डारण गर्ने प्रवृत्ति बढेको र कतिपय व्यावसायीबाट कृत्रिम अभाव सिर्जना गर्ने गरेको लगायतक तथ्य प्राप्त भएको छ ।'

आयोगले मध्यपूर्वमा उत्पन्न परिस्थिति र त्यसपछि देखिएको तनावका कारण विगत केही समयदेखि काठमाडौं उपत्यकामा एलपिजी ग्यासको अभाव भई उपभोक्तामा चिन्ता र त्रास सिर्जना भएको भनी प्रकाशित एवं प्रसारित विभिन्न समाचारप्रति यस आयोगको ध्यानाकर्षण भएको छ ।

# मेसिनबाट धान रोपाइँमा किसानको आकर्षण

**नारायणगढ–** चितवनमा यतिबेला चैते धान रोपाइँको चटारो छ । यहाँ पछिल्ला वर्षमा परम्परागत रूपमा रोपाहारको सट्टा मेसिनको प्रयोग बढ्दै गएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइ चितवनमार्फत धान रोप्ने आधुनिक मेसिन प्रयोगमा आएपछि चैते धान रोपाइँमा यान्त्रिकीकरण बढ्दै गएको कार्यालयले जनाएको छ ।

कार्यालयका कृषि अधिकृत काशीराम पाण्डेले सुरुआतीमा मेसिनको महत्त्वबारे बुझाउन र प्रयोग सिकाउन केही कठिनाइ भए पनि हाले किसान आफैंले मेसिन खोज्न थालेका बताए । 'सुरुका वर्षमा कर्मचारीले खेतमै गएर बीउ राख्ने तरिका र मेसिनबाट रोपाइँ गर्ने विधिबारे सिकाउनुपर्थ्यो । हाल धेरै किसानले सिकिसकेका छन् र मेसिनको माग पनि बढ्दै गएको छ', उनले भने ।

मेसिन प्रयोग गर्दा कम लागतमा बढी उत्पादन हुने भएकाले किसानहरू आकर्षित हुँदै गएको पाण्डेले बताए । 'उत्पादन बढाएर लागत घटाउन कृषिमा यान्त्रिकीकरण बढाउनैपर्छ,' उनले भने, 'खेतीमा यान्त्रिकीकरण भए उत्पादन लागत झण्डै ३० देखि ४० प्रतिशतसम्म घटाउन सकिन्छ ।'

भरतपुर महानगरपालिका-६ देवनगरका किसान प्रकाश श्रेष्ठले यस वर्ष पहिलोपटक चार बिघा क्षेत्रफलमा मेसिनबाट र दुई बिघामा परम्परागत रूपमा रोपाइँ गरिरहेको जानकारी दिए । 'मेसिनले रोप्दा ज्याला कम लाग्दो रहेछ । उत्पादन कति हुन्छ हेर्न बाँकी नै छ', उनले भने । श्रेष्ठका अनुसार मेसिनबाट प्लास्टिक ट्रेमा राखेर फरक तरिकाले बेर्ना तयार गर्नुपर्ने हुन्छ ।

सामाजिक सञ्जालमा मेसिनबाट धान रोपेको देखेपछि आफूले जानकारी लिएर प्रयोग सुरु गरेको उनले सुनाए । *रासस*

# कञ्चनपुरमा डढेलोको जोखिम बढ्दो, पूर्वतयारी कमजोर

■ राजेन्द्रप्रसाद पनेरु



**कञ्चनपुर–** बढ्दो गर्मीसँगै कञ्चनपुरका वन क्षेत्रमा डढेलो लाग्ने जोखिम पनि बढ्न थालेको छ । पतझरको समय सुरु भएसँगै वनमा पात झर्ने र नयाँ पालुवा पलाउने क्रम चलिरहेकाले सुक्खा वातावरणका कारण सानो आगोको झिल्कोलेसमेत ठूलो डढेलोको रूप लिने खतरा बढेको छ ।

यस्तो संवेदनशील अवस्थामा पनि डढेलो नियन्त्रणका जिल्लामा प्रभावकारी पूर्वतयारीका कार्यक्रम पर्याप्तरूपमा सञ्चालन हुनसकेका छैनन् । चुरे फेदीका वन र लालझाडी-मोहना संरक्षण क्षेत्र आसपासका क्षेत्रमा डढेलोको जोखिम उच्च देखिएको छ । उक्त क्षेत्रमा रहेका सामुदायिक वनमा आगलागी नियन्त्रणका लागि आवश्यक पूर्वतयारी तथा सचेतनामूलक गतिविधि पर्याप्त नभएको सामुदायिक वन समन्वय समिति (सिएफसिसी) कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीले बताए ।

उनका अनुसार पछिल्लो समय निर्वाचनको माहोलमा सबैको ध्यान केन्द्रित हुँदा वन संरक्षणको विषय ओझेलमा परेको छ । 'वन क्षेत्रमा आगलागी रोक्न आवश्यक पूर्वतयारी गर्नुपर्ने हो, तर त्यसतर्फ सरकारी तथा गैरसरकारी निकायको ध्यान खासै गएको देखिँदैन,' उनले भने ।

अध्यक्ष जोशीका अनुसार वातावरण अत्यन्त सुक्खा हुँदै गएको छ र लामो समयदेखि पानी नपरेकाले डढेलोको सम्भावना झनै बढेको छ । 'हावा सुक्खा छ, तापक्रम बढ्दै गएको छ, यस्तो अवस्थामा सानो आगोको झिल्कोले पनि पूरै वन क्षेत्र खरानी बनाउन सक्छ,' उनले भने, 'यसतर्फ सरोकारवालाहरूको ध्यान जानुपर्ने हो तर हालसम्म कुनै पनि निकायले चासो दिएको पाइएको छैन ।' जलवायु परिवर्तनको प्रत्यक्ष असर पनि वनमा देखिएको छ ।

वन क्षेत्रमा डढेलो लागे त्यसको प्रत्यक्ष असर जैविक विविधतामा पर्ने सीता सामुदायिक वनका अध्यक्ष पुनाराम चौधरीले बताए । डढेलोका कारण वन्यजन्तुको प्राकृतिक बासस्थान नष्ट हुनेमात्र नभई घिस्रेर हिँड्ने सरीसृप वर्गका जीवजन्तु ठूलो मात्रामा नष्ट हुने खतरा रहेको उनले उल्लेख गरे ।

'वनमा डढेलो लागेपछि ठूलो आकारका जनावर भाग्न सक्छन्, तर साना जीवजन्तु र सरीसृपहरू आगोबाट बच्न सक्दैनन्,' उनले भने । यसका साथै लाखौं रूपैयाँ मूल्यबराबरका काठ, बहुमूल्य जडीबुटी तथा वनसम्पदा जलेर नष्ट हुने जोखिम पनि उत्तिकै रहेको उनले उल्लेख गरे । यसै चुनौतीलाई मध्यजनगर गरी फायरलाइन सरसफाइको कार्यमा जोड दिइएको उनको भनाइ छ ।

यस जोखिमलाई ध्यानमा राख्दै केही सामुदायिक वनहरूले अग्निपथ (फायर लाइन) सरसफाइ तथा वनभित्र थुप्रिएका सुक्खा पातपतिंगर हटाउने कार्यमा जोड दिन थालेका छन् । तर सीमित स्रोतसाधनका कारण यस्ता गतिविधि सबै वन क्षेत्रमा प्रभावकारीरूपमा सञ्चालन हुनसकेका छैनन् । लालझाडीदेखि चुरे क्षेत्र वन्यजन्तुको आवतजावतका लागि अत्यन्त महत्त्वपूर्ण करिडोर मानिन्छ ।

उनका अनुसार यस्तो जोखिमपूर्ण अवस्थामा अग्नि नियन्त्रण दललाई सक्रिय अवस्थामा राख्नुपर्ने भए पनि त्यस्तो व्यवस्था प्रभावकारी रूपमा हुनसकेको छैन । 'सूचना प्रणाली पनि चुस्तदुरुस्त बनाउनुपर्ने हो, तर त्यो पनि पर्याप्त रूपमा सक्रिय छैन,' उनले भने ।

लालझाडी-मोहना संरक्षण क्षेत्रमा मात्रै ९४ वटा सामुदायिक वन छन् । डिभिजन वन कार्यालयले भने डढेलो न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालनको तयारी भइरहेको जनाएको छ । कार्यालयका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशीले वन क्षेत्रमा आगलागीका घटना कम गर्न सामुदायिक वनका पदाधिकारी र उपभोक्तालाई सचेत गराउने कार्य गरिएको बताए । *रासस*

# कानुनी र संरचनागत क्षेत्रमा व्यापक सुधार जरुरी: ज्ञवाली




■ प्रभाव संवाददाता

**काठमाडौं–** लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जनअपेक्षा अनुसार परिणाम निकाल्न कानूनी र संरचनागत क्षेत्रमा व्यापक सुधार जरुरी रहेको बताएका छन् ।

विशेषज्ञ सेवासम्बन्धी मस्यौदा कार्यविधिबारे छलफल गर्न आयोजित कार्यक्रममा अपेक्षा र परिणामबीच धेरै अन्तर रहेको उल्लेख गर्दै प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले प्रभावकारी नतिजाका लागि सोचाइ र कार्यशैलीमा समेत परिवर्तन गर्नुपर्नेमा जोड दिए ।

कार्यविधिमा सार्वजनिक निजी साझेदारीमा निर्माण गरिने परियोजनाको प्राथमिकता निर्धारणसम्बन्धी अध्ययन विश्लेषण गर्न, आवश्यकता अनुसार निजी क्षेत्रबाट निर्माण हुने परियोजनाहरूको अध्ययन विश्लेषण गर्न, लगानी बोर्डबाट प्रस्ताव माग भएका वा आह्वान गरि छनौट गरिएका परियोजनाको आशयपत्र तथा प्रस्तावको अध्ययन गरी कागजात तयार गर्न विशेषज्ञ सेवा लिन सकिने उल्लेख छ ।

यस्तै लगानी बोर्डबाट प्रस्ताव माग भएका वा आह्वान गरिएका कुनै परियोजनाको सम्बन्धमा पेश भएका आशयपत्र एवं प्रस्तावको अध्ययन तथा विश्लेषण गरी मूल्यांकन प्रतिवेदन तयार गर्न, परियोजनाको विकासमा प्रतिष्पर्धा सुनिश्चित हुने गरी प्राविधिक, वित्तीय क्षमता तथा समयमै परियोजना सम्पन्न हुने आधारको अध्ययन गरी प्रतिवेदन तयार पार्न पनि विशेषज्ञ सेवा लिन सकिनेछ ।

लगानी बोर्डमा सोझै प्राप्त हुन आएका प्रस्तावको अध्ययन एवं विश्लेषण गरी मूल्यांकन प्रतिवेदन तयारी सम्झौतामा भएको व्यवस्था अनुसार परियोजना निर्माण वा कार्यान्वयन भए नभएको सुपरीवेक्षण तथा अनुगमन गरी सुझाव सहितको प्रतिवेदन तयारी, परियोजना कार्यान्वयनमा देखा परेका समस्याको अध्ययन विश्लेषण गरी समाधानको उपाय पहिचान गरी कार्यान्वयन गर्ने लगायतका क्षेत्रमा विशेषज्ञ सेवा लिन सकिने विशेषज्ञ सेवासम्बन्धी मस्यौदा कार्यविधिमा उल्लेख गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ